| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD
श्रम इजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com



## साउदीमा रोजगार

कम्पनी : EXPERTISE CONSTRUCTION COMPANY LIMITED
शहर : Jubail

पूर्व स्वीकृति मिति : २०८१/04/30 | LT. No. :308872 | चलानी नं. ६०२२३५७५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Construction Worker | 50 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ६ गते (22nd Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
श्रम इजाजत नं. १३०५/०७४/०७५
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## युएईमा रोजगार

कम्पनी : ALMARAFI FOR HOSPITALITY SRVICES EST
शहर : D

पूर्व स्वीकृति मिति २०८०/10/04 | पुन विज्ञापन स्वीकृति मिति २०८१/04/30 | LT No : 298314 | चलानी नं ६०२१३२९३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaner | 10 | 0 | 1000 | ३६,३५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaning Supervisor | 5 | 2 | 1200 | ४३,६२० | | | | | | | |
| 3 | Kitchen Helper | 10 | 0 | 1000 | ३६,३५० | | | | | | | |
| 4 | Waiter | 12 | 10 | 1200 | ४३,६२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ६ गते (22nd Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
श्रम इजाजत नं. ८३४/०६६/०६७
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com



## साउदीमा रोजगार

कम्पनी : AMWAJ SERVICED APARTMENTS
शहर : Riyadh

पूर्व स्वीकृति मिति २०८१/04/30 | LT No. 308891 | चलानी नं. ६०२२३५५८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Office Cleaning Labour | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ६ गते (22nd Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Career Development Human Resource Pvt. Ltd.
श्रम इजाजत नं. १२३०/०७४/०७५
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com



## युएईमा रोजगार

कम्पनी : STREAM RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C
शहर : Abu Dhabi-Tourism Club-Silver Wave Tower

पूर्व स्वीकृति मिति : २०८१/04/30 | LT. No. 308905 | चलानी नं. ६०२२३५८२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Helper | 200 | 0 | 800 | २९,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ६ र ७ गते (22 & 23 Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
श्रम इजाजत नं. १०५०/०७३/०७४
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## न्यायको पर्खाइ थप नलम्ब्याऊ

**नेपालको शान्ति प्रक्रियालाई टुंगोमा पुर्‍याउने सन्दर्भमा बुधबार संक्रमणकालीन न्यायसम्बन्धी दुईवटा विधेयक प्रतिनिधिसभाबाट पारित भए । बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोगलाई संशोधन गर्न बनेका विधेयक पारित भएका हुन् । दुवै विधेयक २०७१ मा सर्वोच्च अदालतले द्वन्द्वकालीन गम्भीर मानवअधिकार उल्लंघनका मुद्दामा दिएको आदेशअनुसार सरकारले ल्याएको हो । जुन लामो रस्साकस्सीपछि प्रतिनिधिसभाबाट सर्वसम्मतिले पारित भयो ।**

**प्रतिनिधिसभाबाट विधेयक पारित भएसँगै द्वन्द्वपीडितमा आशाको किरण छाएको छ । ढिलै भए पनि न्याय पाउने आशा उनीहरूमा जागेको छ । यद्यपि, विधेयक अब राष्ट्रिय सभाबाट पारित हुनुपर्ने छ । त्यसपछि सरकारको सिफारिसमा राष्ट्रपतिले प्रमाणीकरण गरेपछि विधेयकले कानुनको रूप लिने छ । अब राष्ट्रिय सभाबाट छिटो विधेयक पारित गरेर अघि बढ्नुपर्छ । छिटोभन्दा छिटो द्वन्द्वपीडितलाई न्याय दिलाउनेतर्फ सरकार र राजनीतिक दलको ध्यान जानुपर्छ ।**

**किनभने तत्कालीन नेकपा माओवादीको नेतृत्वमा सशस्त्र युद्ध भएको २९ वर्ष भइसक्यो । शान्ति सम्झौता भएकै १८ वर्ष बित्यो । उक्त विद्रोहमा १७ हजार जनाले ज्यान गुमाए । करिब एक हजार ४०० जना बेपत्ता भएका थिए । द्वन्द्वपीडित त हजारौं छन् । घाइते र अपांगता भएकाहरू त अझ बढी छन् । द्वन्द्वमा बलात्कृत महिलाहरू पनि थुप्रै छन् । उनीहरू सबै झण्डै दुई दशकदेखि न्यायको पर्खाइमा छन् । अन्तर्राष्ट्रिय समुदायले पनि छिटो न्याय दिन दबाब बढाइरहेका छन् । गत वर्षको कात्तिकमा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले नेपालले छिटो शान्ति प्रक्रिया टुंग्याउनुपर्ने बताएका थिए ।**

**यसले गर्दा राजनीतिक दल र सरकार तात्तिए । परिणामतः विधेयक संसद्मा प्रस्तुत भएर पारित नै भएको छ । अब कानुन बनेपछि भने कानुन कार्यान्वयनको पाटो जटिल छन् । प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले संसद्मा यो विधेयक पारित भएर बन्ने कानुन कार्यान्वयनमा संशय प्रकट गर्‍यो । जस्तोः गम्भीर मानवअधिकार उल्लंघनका घटनामा २५ प्रतिशत घटी सजाय आरोपीले पाए भने पीडितले अस्वीकार गर्दाको विषय के हुन्छ ? क्षमादान दिन पीडितपक्ष तयार नभए के हुन्छ ? यी प्रश्नहरूको निवारण त्यति सहज छैन । अर्कातिर, दुवै आयोग नेपाली कांग्रेस र नेकपा एमालेले नेतृत्व गर्ने सम्झदारी भइसकेको छ । यस्तो अवस्थामा आयोग नेतृत्व निष्पक्ष, कर्तव्यपरायण हुन्छन् कि हुँदैनन् भन्ने प्रश्न उठ्न सक्छ ।**

**प्रतिनिधिसभाबाट टिआरसी विधेयक पारित भएसँगै दलहरूले नेपालको शान्ति प्रक्रियालाई 'रोल मोडल' भनेका छन् । तर, यो अहिले नै बनिसकेको छैन, अझै कार्यान्वयनको पाटो हेर्न बाँकी नै छ । आशा गरौं दलहरूले यसपटक द्वन्द्वपीडितको आशालाई निराशामा बदल्ने छैनन् ।**

# नेपाल र चीनबीचको सम्बन्धको आधार



■ महेन्द्रप्रकाश सिवाकोटी

> नेपालको परराष्ट्रनीतिको प्रमुख लक्ष्य सुरक्षा हो । नेपालको चीनप्रतिको सम्बन्धको मुख्य आधार भनेको नेपाल दुई ठूला राष्ट्रबीचको राष्ट्र भएकाले सुरक्षा र स्वाधीनता नै यसको मुख्य विषय भएको छ । चीनसँगको सम्बन्धको प्राथमिक आधार पनि यही नै हो । सुरक्षाको स्वार्थलाई नै नेपालले चीनसँगको सन्धि–सम्झौता गर्दा प्रमुख आधार बनाएको हुन्छ । नेपाल विकासशील र पिछडिएको मुलुक भएकाले विदेशी सहयोग र सद्भावनाद्वारा आर्थिक विकास गर्ने लक्ष्य रहेको छ र चीनसँगको सम्बन्ध र सन्धि–सम्झौताको दोस्रो आधार पनि यसैलाई मानिएको छ ।

नेपाल र चीनबीच दौत्य सम्बन्ध स्थापना भएको ७० वर्ष पुगेको छ । नेपाल र चीन, दुई पुराना सभ्यताका प्रमुख मित्रराष्ट्रहरू, अनादिकालदेखि नै आपसमा गहिरो सम्बन्ध राख्दै आएका छन् । हिमालय पर्वतको शृंखला र विभिन्न भौगोलिक, सांस्कृतिक, आर्थिक, सामाजिक र ऐतिहासिक पक्षहरूले जोडिएका यी दुई देशबीचको सम्बन्ध औपचारिक र अनौपचारिक तहमा विकसित हुँदै आएको छ । पहाड, पर्वत, नदीनाला र हिमालयले मात्र नभई, सांस्कृतिक, धार्मिक, सामाजिक र सामरिकरूपमा पनि नेपाल र चीनबीचको सम्बन्ध दृढ र व्यापक भएको छ । नेपाल–चीन सम्बन्धलाई अझै सुदृढ बनाउनका लागि समय–समयमा विभिन्न सन्धि–सम्झौताहरू भएका छन्, जसले यी दुई राष्ट्रलाई पारस्परिक सुरक्षा, व्यापारिक सहकार्य र अन्तर्राष्ट्रिय सम्बन्धहरूमा एक–अर्काको महत्त्वपूर्ण साझेदार बनाएको छ । नेपाल र चीनबीचको यो सम्बन्धले क्षेत्रीय स्थायित्व र शान्तिमा पनि महत्त्वपूर्ण योगदान पुर्‍याएको छ ।

नेपाल र गणतन्त्र चीनको बीच दौत्य–सम्बन्ध स्थापना गर्ने सम्झौतामा नेपाल सरकार र गणतन्त्र चीन सरकारका बीच २०१२ श्रावण १२ गते (२७ जुलाई १९५५) मा हस्ताक्षर भएको थियो । दुवै सरकारले पाँच सिद्धान्तलाई आपसको सम्बन्ध सञ्चालन गर्ने मूल सिद्धान्त हुनुपर्छ भन्ने स्वीकार पनि गरेका छन् । यसमा एकले अर्कोको सार्वभौमिकता र राज्य क्षेत्रको अक्षुणताको सम्मान गर्ने, अनाक्रमण, आर्थिक, राजनैतिक र सैद्धान्तिकरूपका कुनै कारणबाट पनि एकले अर्कोको आन्तरिक मामलामा हस्ताक्षेप नगर्ने, समानता र पारस्परिक हित र शान्तिपूर्ण सहअस्तित्वलाई स्वीकार गरिएको थियो ।

नेपालको परराष्ट्रनीतिको प्रमुख लक्ष्य सुरक्षा हो । नेपालको चीनप्रतिको सम्बन्धको मुख्य आधार भनेको नेपाल दुई ठूला राष्ट्रबीचको राष्ट्र भएकाले सुरक्षा र स्वाधीनता नै यसको मुख्य विषय भएको छ । चीनसँगको सम्बन्धको प्राथमिक आधार पनि यही नै हो । सुरक्षाको स्वार्थलाई नै नेपालले चीनसँगको सन्धि–सम्झौता गर्दा प्रमुख आधार बनाएको हुन्छ । नेपाल विकासशील र पिछडिएको मुलुक भएकाले विदेशी सहयोग र सद्भावनाद्वारा आर्थिक विकास गर्ने लक्ष्य रहेको छ र चीनसँगको सम्बन्ध र सन्धि–सम्झौताको दोस्रो आधार पनि यसैलाई मानिएको छ । त्यस्तै चीनको पनि नेपालसँगको सम्बन्धका लागि सुरक्षा स्थायित्व र अन्तर्राष्ट्रिय क्रियाकलापमा समर्थन नै प्रमुख रूपमा रहेको पाइन्छ । चीनको दक्षिणमा रहेको नेपाल हुँदा नेपालले सधैं चीनको सुरक्षाका लागि महत्त्वपूर्ण स्थान लिएको छ । चीन सधैं हिमालय क्षेत्रमा शान्ति र स्थायित्व चाहन्छ । यसो हुँदा नै हिमालय क्षेत्रमा शान्ति भएमा चीनको समेत सुरक्षा हुने हुँदा नेपालसँगको सम्बन्धलाई यही सुरक्षात्मक अवधारणालाई प्रमुखता दिएको पाइन्छ ।

यस्तै चीनको नेपालसँगको दोस्रो स्वार्थ भनेको तिब्बतमा स्थायित्व कायम गर्नु हो । तिब्बतमा बारम्बार हुन सक्ने अस्थिरताबाट सुरक्षित हुनका लागि चीनले नेपालबाट चीनविरुद्ध हुने कुनै पनि कदमलाई प्रोत्साहित नगरियोस् भन्ने कुरामा ध्यान दिई यसैका लागि सन्धि–सम्झौताहरूमार्फत यो स्थिति प्राप्त गर्न खोजेको पाइन्छ । चीनको तेस्रो स्वार्थ भनेको अन्तर्राष्ट्रिय क्षेत्रमा चीनको नीतिको राजनीतिक समर्थन चाहेको देखिन्छ । एक चीनको नीतिको रूपमा तिब्बत तथा ताइवानलाई अलग राज्य नमानी एउटै राज्यको रूपमा मान्यता नेपालले कायम राखोस् भन्ने चीनको स्वार्थ देखिन्छ । छिमेकी नेपाल हुँदा यसलाई यो समर्थनको विशेष अर्थ पनि रहन्छ । यस्तै चीनको अन्तर्राष्ट्रिय क्षेत्रमा रहेको नीतिलाई नेपालले समर्थन गरोस् वा समर्थन नगरे पनि यसको विरोधमा नजाओस् भन्ने चीनको चाहना रहेको पाइन्छ । यसैले नेपालको सुरक्षा स्थायित्व तथा नेपालको विकासमा सहयोग गर्नका लागि चीनले सहयोग गर्ने नीतिअन्तर्गत नै वैध सम्बन्ध स्थापित गर्ने उद्देश्यले सन्धि–सम्झौताहरू भएको देखिन्छ ।

नेपालले चीनबाट वर्तमान परिवर्तित सन्दर्भमा पूर्वाधार विकास, व्यापार र बजार पहुँच, पर्यटन, सांस्कृतिक र शैक्षिक आदानप्रदान, जलवायु परिवर्तन र वातावरणीय सहकार्य, आर्थिक सहयोगमा वृद्धिजस्ता क्षेत्रहरूमा लाभ लिन सक्छ । पूर्वाधार विकासका लागि नेपालले चीनबाट सडक, रेल्वे र ऊर्जा परियोजनामा लगानी वृद्धि गर्न पहल गर्नुपर्छ । चीनसँगको सहकार्यले नेपालको भौगोलिक सम्पर्कमा सुधार ल्याई व्यापार, पर्यटन, र क्षेत्रीय विकासलाई तीव्र बनाउन सक्छ । यो प्रयासले देशभित्रको यातायात प्रणालीलाई पनि आधुनिकीकरण गर्न मद्दत पुर्‍याउने छ । यसले नेपालको आर्थिक वृद्धि र समृद्धिमा महत्त्वपूर्ण योगदान दिनसक्छ ।

नेपालले चीनसँगको सम्बन्धबाट पर्यटन, कृषि, र उत्पादन क्षेत्रमा चिनियाँ लगानी आकर्षित गरेर अझै धेरै लाभ लिनसक्छ । व्यापारिक मार्गहरू, जस्तै ट्रान्स–हिमालय बहुआयामिक सम्पर्क नेटवर्क विकास गर्नाले व्यापार र लगानीमा वृद्धि हुनसक्छ । चीनसँगको व्यापार सम्बन्ध विशेषगरी कृषि उत्पादन र हस्तकला सामग्रीका लागि चिनियाँ बजारमा पहुँच विस्तार गरेर अझै बलियो बनाउन सकिन्छ । यसले नेपालको निर्यातको विविधीकरणमा मद्दत पुर्‍याउने छ र व्यापार घाटा घटाउने छ । साथै, स्थानीय उत्पादनहरूलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन र आर्थिक अवसरहरू सिर्जना गर्न पनि मद्दत पुग्दछ । यसले नेपालको व्यापारिक सम्बन्धलाई दीर्घकालीन र सुदृढ बनाउन सक्छ । चीनसँग पर्यटन सम्बन्धलाई प्रोत्साहन गरेर नेपाललाई चिनियाँ पर्यटकहरूको प्रमुख गन्तव्यको रूपमा प्रचार गर्न सकिन्छ । यसबाट चिनियाँ पर्यटकहरूको संख्या वृद्धि हुने र नेपालको आतिथ्य, सेवा क्षेत्र, र स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्नेछ । साथै, पर्यटनले दुई देशबीचको सांस्कृतिक आदानप्रदानलाई पनि बढावा दिने छ ।

यसैगरी दुई देशबीचको सांस्कृतिक र शैक्षिक सम्बन्धलाई प्रगाढ बनाउनका लागि छात्रवृत्ति, भाषा कार्यक्रम, र संयुक्त अनुसन्धान पहलहरू सञ्चालन गर्न सकिन्छ । यसले दुवै देशका नागरिकहरूबीच आपसी समझदारी बढाउने छ र शैक्षिक सहकार्यले नेपालको मानव संसाधनलाई सुधार गर्ने छ । यस प्रकारको आदानप्रदानले दुवै देशका युवाहरूमा मित्रता र सहकार्यको भावना बलियो बनाउने छ । जलवायु परिवर्तन र वातावरण संरक्षणमा नेपालले चीनसँग सहकार्य गरेर साझा चुनौतीहरूको समाधान गर्न सक्छ । हिमालयको संरक्षण, दिगो विकास, र वातावरणीय व्यवस्थापनका क्षेत्रमा संयुक्त प्रयास गर्न सकिन्छ । यसबाट दुवै देशले जलवायु परिवर्तनका नकारात्मक प्रभावहरूको सामना गर्न सक्ने छन् र दिगो अभ्यासहरूलाई प्रवर्द्धन गर्न मद्दत मिल्ने छ । यस्तो सहकार्यले दुवै राष्ट्रको वातावरणीय समृद्धिमा योगदान दिने छ । विश्वव्यापी गतिशीलतामा परिवर्तनको रूपमा नेपालले चीन र भारत दुवैसँगको सम्बन्धलाई सन्तुलनमा राख्न सक्दछ । दुवै छिमेकीहरूसँगको सहकार्यबाट लाभ उठाउँदै आफ्नो सार्वभौमिकता र स्वतन्त्रतालाई कायम राख्न सक्छ ।

नेपाल र चीनबीचमा विभिन्न किसिमका सन्धि–सम्झौताहरू भएका छन् । नेपाल र चीनबीचको सम्बन्ध प्राग ऐतिहासिककालदेखि नै भएको थाहा पाइन्छ । नेपाल उपत्यकामा पानीको सतह रहेकै अवस्थामा नेपालमा महामञ्जुश्रीको आगमन भएको थियो । उनले त्यसबेलाका यहाँका कविला राज्यलाई पराजित गरी नयाँ राज्यको स्थापना गरेका थिए । यो युद्ध हिमाल पारको व्यापार खुलाउन र दक्षिणतर्फबाट आफूलाई सुरक्षित गराउनका लागि महामञ्जुश्रीले आधिपत्य कायम गरी नयाँ राज्यसँग सम्झौता गरेको भन्ने देखिन्छ । त्यसयता दुई देशबीच विभिन्न समयमा दर्जनौं भएका सन्धि–सम्झौताहरू भएका छन् । हुम्ला राज्यसँग सन्धि, स्रङचङ गोम्पोसँगको सन्धि, खश चीन सन्धि, नेपाल तिब्बत मुद्रा सन्धि, भीम मल्लको भोटसँगको सन्धि, राम शाहको सन्धि, मुद्रा विवाद र गोरखासँगको सन्धि, नेपाल भोट युद्ध र केरुङ सन्धिहरू भएका थिए ।

त्यस्तै नेपाल–तिब्बत–चीनबीचको बेत्रावती सन्धि, १७९३, नेपाल तिब्बतबीचको थापाथली, १८५६ को सन्धि, नेपाल भोटबीचको केरुङ सन्धि १८८४, नेपाल–चीन सम्झौता १९५६, नेपाल–चीनबीचको पञ्चशीलको सन्धि, आर्थिक सहयोग सम्झौता, सन् १९५६, शान्ति तथा मैत्री सन्धि, अप्रिल २८, १९६०, नेपाल–चीन सीमा सम्झौता १९६०, राजमार्ग निर्माणसम्बन्धी सम्झौता, व्यापार सम्झौता १९६४, नेपाल र चीनबीच स्वशासित क्षेत्र तिब्बत र नेपालबीचको सम्झौता १९६६, नेपाल र चीनबीच व्यापार सम्झौता १९६८, व्यापार तथा भुक्तानी सम्झौता १९७४, नेपाल र तिब्बतबीच व्यापारलगायतसम्बन्धी सम्झौता १९८६ गरिएका थिए । यसैगरी सन् १९९९ पछि सांस्कृतिक सम्झौता, सैनिक सम्झौता, आर्थिक व्यापारिक समिति गठनको सम्झौता र आर्थिक सहयोग सम्झौता पनि भएका छन् ।

समग्रमा नेपाल र चीनबीचको सम्बन्ध सुमधुर, गहिरो र भरपर्दो हुनुपर्छ । चीनको सुरक्षाका लागि नेपाल र नेपालको सुरक्षाका लागि चीन एक–आपसमा कटिबद्ध, मजबुत र एकताबद्ध हुन सकेको खण्डमा दुवै देश एसियाका चम्किला ताराझैं स्थापित हुने छन् । चीनले पनि नेपालको सुरक्षाका लागि योगदान दिएको छ र नेपालले पनि चीनको सुरक्षाका लागि योगदान दिएको छ । हामीले यो इतिहासलाई कहिल्यै भुल्नु हुँदैन । नेपाल र चीनबीचमा बेलाबखत हुने गरेका मतभेदहरूलाई सौहार्द्रतापूर्वक छलफल–बहस गरेर समाधान गर्नुपर्दछ ।

व्यापार असन्तुलनको व्यवस्थापन र पूर्वाधार परियोजनाहरूले स्थानीय समुदायलाई फाइदा पुर्‍याउन सुनिश्चित गर्न नसक्नु आज दुई देशबीचका प्रमुख चुनौतीहरू हुन् । दुई देशबीचको यति लामो सम्बन्धलाई कुनै पनि हालतमा बिग्रन दिनु हुँदैन । दुवै देशबीच सन्धि–सम्झौता गर्ने तर कार्यान्वयन नगर्ने हो भने एक–आपसमा चिसोपना आउनसक्छ । तसर्थ, नेपाल र चीनबीचमा भएका सन्धि–सम्झौताहरूलाई सम्बन्धित पक्षले कार्यान्वयनमा विशेष जोड दिनुपर्छ । चीनको प्रविधि र समृद्धिलाई नेपालमा के कसरी जोड्न सकिन्छ, त्यस विषयमा पनि दुवै देशले ध्यान दिएर एक–आपसमा साथ सहयोगको भावना अगाडि बढाउनु जरूरी देखिन्छ । संक्षेपमा, नेपाल–चीन सम्बन्धले भविष्यको विकासका लागि ठूलो सम्भावना बोकेको छ । यस सम्बन्धलाई सावधानीपूर्वक व्यवस्थापन गरेर, नेपालले आफ्नो रणनीतिक स्थानलाई आर्थिक समृद्धि र दिगो विकास प्राप्त गर्न उपयोग गर्न सक्नुपर्छ । *रासस*

*(लेखक नेपाल सरोकार मञ्चका अध्यक्ष हुन्)*

## मननयोग्य

### चाणक्य नीति

चाणक्यले सम्झाउँदै भने– 'अब शोक नगर, राज्यका लागि सचेत होऊ । राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ । यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हाँस्ने समय नै हुन्छ । जब धेरै रुन्छ वा हाँस्छ तब शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ ।'

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्– 'शोकमा रुनु र हर्षमा हाँस्नु स्वाभाविक हो महात्मा !'

'होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन । शोक अर्काका लागि उपहास बन्छ, हर्ष आफ्ना लागि पीडादायक हुन्छ । अतः पत्थर (ढुंगा) जस्तै कठोर तिमीले बन्नुपर्छ ।' त्रिनेत्र–सम्पूर्ण प्रयत्न विफल भइरहेछन् । चन्द्रगुप्तको कुरा मुखबाट निक्लिँदै नागरिक आइलाग्छन् । सोच्दासोच्दै कसरी रात बित्यो, कतिखेर सूर्योदय भयो, थाहै भएन चाणक्य अधीर हुँदै यताउता टहल्दै थिए । चन्द्रगुप्त र त्रिनेत्र मात्र उत्कण्ठाले हेरिरहेथे । धेरै समयपछि अचानक उनको वाक्य फुट्यो, त्रिनेत्रलाई भने–'आँधी आउनुभन्दा पहिल्यै त्यसलाई रोक्नुपर्छ, तिमी व्यापारी, नागरिक, रेखदेख गर्ने, मदिरा बेच्ने आदि भेषमा र साधुका भेषमा समेत आफ्ना गुप्तचर लगाऊ । छिमेकी राज्यमा पनि विश्वस्त साथीहरूको जाल फैलाऊ, मिनेट मिनेटको खबर प्रत्येक रातमा मैले पाउनुपर्छ । अनि प्रजामा पनि यो समाचार फैलाऊ कि चन्द्रगुप्त धेरै परिश्रमले गर्दा अस्वस्थ छन्, अतः राज्याभिषेक केही दिनका निम्ति स्थगित गरिएको छ ।'

यो आदेश पाएर त्रिनेत्र हिंडे । महामात्य शकटारलाई बोलाई यही सूचनाको झ्याली पिटाउन निर्देशन गरे । त्यसपछि चाणक्यले चन्द्रगुप्तपट्टि फर्किँदै भने– 'देख्यौ तिमीले ! वास्तविक युद्ध अब हुन्छ । राक्षसको अनुपम बुद्धि–चातुर्यले पाइला–पाइलामा हाम्रा लागि षड्यन्त्र खडा गर्छ । यस किसिमको षड्यन्त्रमा विजय पाउन केवल बुद्धि र विवेकबाट मात्र सम्भव छ ।' एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ । सुनले बनेका दुई सिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने–सामने बसेका थिए ।

## पत्र–मञ्जुषा

# जनताको काम रोकेर पूर्वराष्ट्रपतिलाई स्वागत !

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली चौथोपटक प्रधानमन्त्री बनेका छन् । यसपटक प्रधानमन्त्री बनेपछि उनले मुख्यसचिवदेखि लिएर सचिवसम्म बोलाएर बैठक राखे । सो क्रममा उनले जनतालाई छिटोछरितो सेवा दिनु, राम्रो बोली वचन गर्नु, जनताको हामी सेवक हौं भनेका थिए । जो प्रधानमन्त्री भए पनि आएर भन्ने यही नै हो । कर्मचारीहरू एउटा कानले सुन्छन्, अर्कोले उडाइदिन्छन् । नत्र त सरकारी कार्यालयमा सुधार देखिहालिन्थ्यो नि !

सरकारी कर्मचारी होस् या जनप्रतिनिधि, जनताले तिरेको करबाट तलबभत्ता खान्छन् । यद्यपि, जनताको काम गर्दैनन् । नेता आए भने काम गर्‍याझैं देखाउँछन्, अरूबेला त 'कामचोर' नै हुन् । मंगलबार भक्तपुरको सूर्यविनायक नगरपालिकामा दिउँसै रमिता देख्न पाइयो । नगरपालिकाको ढोकादेखि सडकसम्म जनप्रतिनिधि र कर्मचारी फूलको गुच्छा लिएर उभिएका थिए ।

यता, सबै वडाका वडाध्यक्ष र कर्मचारीलाई पनि बोलाइएको थियो । त्यहाँ पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी आउने रहिछन् । त्यसैले बिहानैदेखि नाटक चलिरहेको थियो । कामधाम छोडेर सबै सम्मान गर्नमा लागिपरेका थिए । उनीहरूको कारणले हिजो सूर्यविनायक नगरपालिकाभित्रका बसोबासीले दुःख पाए । नगरपालिकाका जनप्रतिनिधि र कर्मचारी सम्मानमा लागिरहँदा वडाध्यक्ष र वडाका कर्मचारी त्यहाँ जानुपर्ने कुनै आवश्यकता थिएन । उनीहरू त्यहाँ गए, वडाको काम प्रभावित भयो । सेवा लिन आएकाहरू यत्तिकै घर फर्किनुपर्‍यो । सेवाग्राहीलाई निकै सास्ती भयो । १० वटै वडाबाट स्थानीय राष्ट्रिय परिचयपत्र बनाउन आएका थिए ।

कर्मचारीहरू आज हुँदैन, भोलि आउनुस् भन्दै सेवाग्राहीलाई फर्काइरहेका थिए । सेवाग्राही टाढाटाढाबाट सेवा लिन आएका थिए । कतिपय वृद्धावृद्ध पनि आएका थिए । तर, त्यसले न जनप्रतिनिधिलाई फरक पर्‍यो, न कर्मचारीलाई । हुन त उनीहरूलाई कामै गर्न नपरोस्जस्तै हुन्छ ।

काम गर्नुपर्‍यो भने ज्वरो आउँछ । काम नगर्ने बहाना खोजिरहेका कर्मचारीहरूलाई पूर्वराष्ट्रपति आउनु पनि फाइदाको कुरा भयो । जनताले त सधैं दुःख पाइ नै रहेका हुन् । एउटा उच्च पदस्थ आउनेबित्तिकै विद्यालयसमेत बन्द गरिने देशमा अरू के कुरा गर्नु ? जनतालाई सेवा दिन रोकेर उनीहरूले तिरेको करबाट फूलको माला र गुच्छा किन्नु, व्यानर टाँग्नु लाजमर्दो विषय हो ।

विडम्बना, देशका जनप्रतिनिधिहरूमा लाजशरम भन्ने चीज छैन । जनप्रतिनिधि र कर्मचारीले काम गरेनन्, तर तलब त लिए । विद्यादेवी भूपू राष्ट्रपति हो । एउटा भूपू राष्ट्रपतिको स्वागतमा सयौं जनतालाई दुःख दिनुको कारण के ? यता, राष्ट्रपति भइसकेको व्यक्तिले आफ्नो कामले जनताले दुःख पाउलान् भनेर बुझ्नुपर्दैन ?

डोलेश्वर दर्शन गर्न आएपछि त्यहीबाट आफ्नो गन्तव्यतर्फ लागेको भए हुन्थ्यो । सरकारी कार्यालयमा गएर रमिता देखाइरहनुपर्ने आवश्यकता थिएन । उनी एक जनाको कारणले त्यस दिन सयौं जना दोहोर्‍याएर सेवा लिन आउनुपर्‍यो । नेता, जनप्रतिनिधि र कर्मचारीहरूले यो कुरा बुझिदिनुपर्छ ।

पूर्वराष्ट्रपति भण्डारीले जनताले तिरेको करबाट खाएकी छन्, लाएकी छन्, गाडी चढेकी छन् । अनि त्यही जनतालाई दुःख दिन सुहाउँछ ? नेपालीमा एउटा उखान छ– 'जसको नुन खायो, उसैलाई दुःख दियो' । यो पूर्वराष्ट्रपति भण्डारीदेखि लिएर नगरपालिकाका जनप्रतिनिधि, कर्मचारीसम्ममा लागू हुन्छ ।

जनताको भोटबाट पदमा पुग्ने, जनताले तिरेको करबाट तलबभत्ता खाने, गाडी चढ्ने अनि जनतालाई नै दुःख दिने । नेता, जनप्रतिनिधि र कर्मचारी यस्तो हुनुपर्छ, जो आफूले दुःख पाएर अरुलाई सुःख दिन्छन् । तर, यहाँ त मभन्दा ठूलो कोही छैनझैं व्यवहार देखाइरहेका हुन्छन् । जसले उनीहरूलाई त्यो मुकाममा पुर्‍याउँछ, उसलाई गन्दै गन्दैनन् ।

भण्डारी राष्ट्रपति हुँदा दुवै सदनबाट सांसदहरूले नागरिकता विधेयक पारित गरेर प्रमाणीकरणका लागि पठाए । लाखौं नेपाली नागरिकले नागरिकता पाएका थिएनन् । न उनीहरूले पढ्न पाएका थिए न बैंक खाता खोल्न । विदेश जान्छु भन्नेहरू अलपत्र परेका थिए । सिमकार्डसम्म निकाल्न पाएका थिएनन् । तर, बहुमतले पारित गरेको विधेयक विद्यादेवीले प्रमाणीकरण गरिनन्, टोकरीमा हालिदिइन् । एकपटक होइन, दुईपटक त्यसो गरिन्, उनले । सांसद जनताको मतबाट चुनिएर आएका हुन्छन् । उनीहरू जनताको प्रतिनिधित्व गर्ने व्यक्ति हुन् । सदनबाट पारित भएर प्रमाणीकरणका लागि पुगेको विधेयक टोकरीमा फाल्नु भनेको जनताको मतको अपमान गर्नु हो ।

नेता र कर्मचारीका कारण जनताले दुःख पाएका छन् । जनताको सेवामा काम नगर्ने कर्मचारीलाई कारबाही गरिनुपर्छ । नत्र सरकारी कार्यालयमा कहिल्यै सुधार आउँदैन । जनताले दुःख पाइरहन्छन् । जनताको समय पनि समय नै हो । जनताभन्दा ठूलो राष्ट्रपति हुँदै होइन ।

**– अनुसा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**जोखिमको यात्रा** | जोखिम मोलेर रुकुमपूर्व पुथा उत्तरगंगा गाउँपालिका–१३ स्थित नयाँबजार नजिकको सहिद मार्गअन्तर्गतको घट्टेखोला तर्दै स्थानीयवासी ।
*तस्बिर: कुलदीप न्यौपाने/रासस*

# जहाँको दूध बिक्री नै हुँदैन

■ मिमबहादुर रावल



**मान्म (कालिकोट)–** जिल्लाको नरहरिनाथ गाउँपालिकामा एक घर एक अनिवार्य गाईभैंसी पाल्ने चलन बिस्तारै सुरु हुन थालेको छ । परम्परादेखि नै एउटा घरमा एउटा गाई वा भैंसी अनिवार्य पाल्ने गरिएकामा बीचमा अन्य पेसा व्यवसायतर्फ लागेका किसानलाई पुनः पशुपालनतर्फ आकर्षित गर्न खोजिएको छ ।

यस गाउँपालिकामा तीन हजार ९१० घरपरिवारको संख्या रहेको छ । राष्ट्रिय तथ्यांक विभागको कृषि गणना २०७८ अनुसार गाउँपालिकामा पशुपालन गर्ने तीन हजार ७९५ घरपरिवार रहेका छन् । गाउँपालिकाभित्र गाई, गोरुको संख्या चार हजार ४३६ र राँगा, भैंसीको संख्या चार हजार २१० रहेको छ ।

नरहरिनाथ गाउँपालिकाका कोटवाडा, लालु, माल्कोट, कुमालगाउँ र रूपसा गाउँमा प्रत्येक घरमा एउटा गाई वा भैंसी अनिवार्य पाल्ने चलन परापूर्वकालदेखिको चलन हो । गाउँपालिकाको प्रायः सबै घरपरिवारमा दुग्धजन्य पशुपालन हुने गरेको भए पनि यहाँ दूध दहीको बिक्री भने नभएको नरहरिनाथ गाउँपालिका-९ लालुका ७० वर्षीया पदमसिंह रावलले बताए ।

'विगतका दूध बिक्री गरेमा देवता रिसाउँछन् भन्ने आममान्यताका कारणले दूध र दही बिक्री गर्ने चलन थिएन,' उनले भने, 'अहिले गाउँमा बजार बने पनि कसैले दूध दही हुन्छ बिक्री गर्न लैजाँदैनन् ।' स्थानीय किसानहरू गाईभैंसीको दूधबाट घिउ बनाएर बिक्रीका लागि टाढाटाढाको बजारमा पुग्ने गर्दछन् । अहिले गाउँगाउँमा नै यातायातको सुविधा पुगेपछि घिउ बिक्री गर्न समस्या नभएको स्थानीयवासी कटबहादुर विष्टले बताए । उनी भन्छन्, 'विगतमा घिउ जम्मा गरेर कैलाली, नेपालगञ्ज र सुर्खेतका बजारमा लिएर बिक्री गर्ने र त्यसबाट आएको पैसाले लत्ताकपडा किनेर ल्याउने गरिन्थ्यो ।'

गाईभैंसीको घिउ बेचेर राम्रो आम्दानी लिने गरेको नरहरिनाथ गाउँपालिका-९ लालुका ७२ वर्षीय गज सार्कीले बताए । पहिले आफूले १० वटासम्म भैंसी पालेको र ती भैंसीबाट वर्षमा एक क्विन्टलसम्म घिउ बनाएर नेपालगञ्ज, बर्दिया र कैलालीको बजारमा बेच्न लिएर गएको उनी सम्झिन्छन । उनी भन्छन्, 'अहिले त एउटा भैंसी पालेको छु । छोराछोरी रोजगारीका लागि बाहिर गएका छन् । घरमा नै दूध दही खान ठिक्क हुन्छ । घिउ बनाउने चलन नै हरायो ।'

### पशुपालनतर्फ घट्दो आकर्षण

प्रायः यहाँका सबै घरमा चारवटाभन्दा बढी गाईभैंसी पाल्ने गरेकामा अहिले धेरैले पाल्न छाडेका छन् । गाउँपालिकामा भैंसी पाल्ने चलन अहिले लोप हुँदै गएको छ । चरन क्षेत्रको अभाव, पशुपालनप्रति घट्दो आकर्षण र अधिकांश गाउँका युवा रोजगारीका लागि अन्य पेसा व्यवसाय तथा विदेश जाने गरेका कारणले गाईभैंसी पाल्ने चलन कम हुँदै गएको हो । नरहरिनाथ गाउँपालिका-५ रूपसाका पर्से सहकारी भन्छन्, 'अहिले त मानिसहरूले आम्दानीका अन्य स्रोत खोज्न थाले । त्यसैबाट आफ्नो रोजीरोटी खोज्छन् ।' दिन प्रतिदिन वनजंगल मासिँदै गएपछि भैंसीलाई खुवाउने घाँसको अभाव तथा चरिचरन क्षेत्र नहुँदा र युवाहरू रोजगारीका देश तथा विदेश गएका कारणले अहिले गाईभैंसी एकदुईवटा मात्र पाल्ने गरिएको उनको भनाइ छ ।

नयाँ पुस्ताका युवाहरूको विदेश पलायन तथा अन्य पेसा व्यवसाय जस्ता कारणले व्यावसायिक र बजारीकरण समस्याका कारणले पनि गाईभैंसी पाल्ने पेसा लोप हुँदै गएको छ । नरहरिनाथ गाउँपालिका-७ माल्कोटका केशे बोहरा भन्छन्, 'पशु चौपायाहरूमा विभिन्न रोगको संक्रमण हुँदा समेत किसानले सेवा पाउँदैन् । पशु बिमाको व्यवस्था नहुँदा पनि किसान मर्कामा परेका छन् ।' पशुपालनको पेसा धेरै दुःख हुने भएका कारणले धेरैले आफूसँग भएका गाईभैंसी बेच्ने गरेको उनको भनाइ छ ।

### किसानलाई गोठालो भत्ता दिन सुरु

किसानलाई पशुपालनमा आकर्षित गराउन गाउँपालिकाले गोठालो भत्ता दिन सुरु गरेको छ । आर्थिक वर्ष २०८०/८१ मा गाउँपालिकाले 'कृषकसँग उपाध्यक्ष कार्यक्रम'बाट किसानलाई गोठालो भत्ता दिएको हो । पशुपालन व्यवसाय बढाउनका लागि गाउँपालिकाले किसानलाई गोठालो भत्ता दिने गरेको गाउँपालिकाका उपाध्यक्ष कमलबहादुर शाहले जानकारी दिए । गोठालो भत्ता कार्यक्रमअन्तर्गत किसानले मासिक एक हजार रूपैयाँ प्राप्त गर्दछन् । उनका अनुसार किसानलाई पशुपालनमा प्रोत्साहित गर्नका लागि गोठालो भत्तास्वरूप आर्थिक वर्ष २०८०/८१ मा १० लाख रूपैयाँ गाईभैंसी पाल्ने किसानलाई भत्ता वितरण गरिएको थियो ।

गोठालो भत्ताका लागि पालिकाले मापदण्ड पनि बनाएको छ । सो मापदण्ड पूरा गरेका १३९ जना किसानलाई प्रोत्साहनभत्ता वितरण गरिएको गाउँपालिकाले जनाएको छ । उपाध्यक्ष शाहले भने, 'गोठालो शब्दको सम्मान र युवा तथा बेरोजगारलाई कृषि पेसामा आकर्षण गर्न कार्यक्रमलाई प्राथमिकता दिएका छौं । गाउँमा गोठालोभन्दा हेपाहाका रूपमा लिइन्छ । यस कार्यक्रमले गोठालो शब्दको सम्मान गर्ने छ ।'

### दुग्ध संकलन केन्द्र स्थापना गरिने

किसानलाई आफूले उत्पादन गरिएको दूध बिक्री गर्न सहज बनाउन गाउँपालिकाले दूध संकलन केन्द्र स्थापना गर्न लागेको छ । गाउँपालिकामा उत्पादन हुने दूधलाई बाहिर निर्यात गर्नका लागि गाउँपालिकाले दूध संकलन केन्द्र स्थापना गर्न लागेको उपाध्यक्ष शाहले जानकारी दिए । 'दूध संकलन गरेर जिल्लाका अन्य बजार तथा जुम्ला र सुर्खेतसम्म निर्यात गर्ने लक्ष्य राखेका छौं,' उनले भने, 'यसका लागि गाउँमै दूध संकलन केन्द्र स्थापना गर्दै छौं ।' पहिलो चरणमा दूध बिक्रीका लागि जुम्लाको हिमा गाउँपालिकासँग सम्झौता भएको उपाध्यक्ष शाहले बताए ।

नरहरिनाथ गाउँपालिका दूध संकलन केन्द्र नहुँदा पनि यहाँ उत्पादन भएको दुग्धजन्य पदार्थको उचित बिक्री गर्नका लागि समस्या भएको गाउँपालिकाले जनाएको छ । दूध प्रशोधन र बजारीकरणका लागि निजी तथा सहकारी क्षेत्रसँगको साझेदारीमा दूध तथा दुग्धजन्य वस्तु उत्पादन उद्योग स्थापना गर्न प्रोत्साहन गर्ने गाउँपालिकाले लक्ष्य राखेको उपाध्यक्ष शाहले बताए ।

### भैंसीपालन बढाउन पकेट क्षेत्र घोषणा

नरहरिनाथ गाउँपालिकाले गाई, भैंसीपालनलाई बढाउनका लागि भैंसी पकेट क्षेत्र घोषणा गरेको छ । गाउँपालिका-४ र ५ को रूपसा गाउँलाई भैंसी पकेट क्षेत्र बनाउन लागेको हो । नरहरिनाथ गाउँपालिका जिल्लामै पशुपालनको प्रशस्त सम्भावना रहेको ठाउँ मानिन्छ । पशुपालन व्यवसायलाई थप गुणस्तरीय र उत्पादनमुखी बनाउनका लागि वडा नं ४ र ५ को रूपसा गाउँलाई भैंसी पकेट क्षेत्र घोषणा गरिएको गाउँपालिका उपाध्यक्ष शाहले जानकारी दिए ।

'ग्रामीण भेगका पशुपालक कृषकहरूको आयस्तर वृद्धि गर्न सीपमूलक पशुपालनसम्बन्धी तालिमको व्यवस्था गर्ने लक्ष्य राखेका छौं,' उनले भने । रैथाने पशुको नश्लको संरक्षण गर्न स्थानीय जातको भाले पशुको व्यवस्थापन गरी कृषकलाई प्रोत्साहन गरिने उनको भनाइ छ । साथै, उन्नत जातको भाले पशुको वीर्य ल्याएर कृत्रिम गर्भाधानको कार्यलाई प्राथमिकता राखिएको पालिकाले जनाएको छ । *रासस*

# सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्रीलाई विश्वासको मत प्राप्त



■ प्रभाव संवाददाता

**सुदूरपश्चिम–** सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले प्रदेशसभाबाट विश्वासको मत पाएका छन् । बुधबार बसेको प्रदेशसभा बैठकमा विश्वासको मतका लागि पेस गरिएको प्रस्तावलाई मत विभाजनको प्रक्रियाद्वारा निर्णायार्थ पेस गरिँदा मुख्यमन्त्री शाहको प्रस्तावको पक्षमा बहुमत प्राप्त भएको हो ।

सभामुख भीमबहादुर भण्डारीले मुख्यमन्त्रीले पेस गरेको प्रस्तावको पक्षमा ३६ मत परेको र यो संख्या प्रदेशसभामा तत्काल कायम रहेको सम्पूर्ण संख्याको बहुमत भएकाले मुख्यमन्त्रीले पेस गरेको प्रस्ताव बहुमतले पारित भएको घोषणा गरे । बुधबारको बैठकमा प्रदेशसभा ४५ सदस्य सहभागी रहेकामा मुख्यमन्त्रीको प्रस्तावको पक्षमा ३६, विपक्षमा आठ र तटस्थमा एक मत परेको थियो । स्वतन्त्र सदस्य डा. तारा जोशीले तटस्थमा मत दिएका थिए । नेपाली कांग्रेस, नेकपा एमाले, नागरिक उन्मुक्ति पार्टीले मुख्यमन्त्रीको प्रस्तावको पक्षमा र नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीले विपक्षमा मत दिएका थिए ।

विपक्षी दल नेकपा माओवादी केन्द्रका छ सदस्य र राप्रपाका एक सदस्य बुधबारको बैठकमा अनुपस्थित थिए । यसअघि विश्वासको प्रस्ताव पेस गर्दै मुख्यमन्त्रीले प्रदेशको समृद्धि र विकासका लागि अब धेरै पर्खिने समय नभएको भन्दै प्रदेशसभामा प्रतिनिधित्व गर्ने राजनीतिका दल र प्रदेशसभा सदस्यलाई सहकार्यका लागि आह्वान गरे ।

मुख्यमन्त्रीले भने, 'दलगत सोचभन्दा माथि उठेर राजनीतिक स्थायित्व र समृद्धिका लागि विश्वासको मतका लागि आग्रह गर्दछु ।' प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्र संसदीय दलका नेता मानबहादुर धामीले प्रतिपक्षमा बसेर रचनात्मक काम गर्ने बताए ।

धामीले मुख्यमन्त्री शाहकै नेतृत्वको यसअघिको सरकारले विकासका योजना समानुपातिकरूपमा सञ्चालन नभएको भन्दै अबको कार्यकालमा प्रदेशमा समानुपातिकरूपमा विकासका योजना सञ्चालन गर्नुपर्ने सुझाव दिए । प्रस्तावमाथि भएको छलफलमा नेकपा एमाले संसदीय दलका नेता राजेन्द्रसिंह रावल, नागरिक उन्मुक्ति पार्टीका घनश्याम चौधरी, नेकपा एकीकृत समाजवादीका प्रकाश रावल र स्वतन्त्र सदस्य डा. तारा जोशीले बोलेका थिए ।

नेपाली कांग्रेस संसदीय दलका नेता एवं मुख्यमन्त्री शाह कांग्रेससहित एमाले, नागरिक उन्मुक्ति पार्टीका सदस्यको समर्थनमा नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम यही साउन २० गते नियुक्त भएका थिए । सोही धाराको उपधारा (४) बमोजिम मुख्यमन्त्रीले बुधबार विश्वासको मत लिएका हुन् । शाह दोस्रोपटक प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएका हुन् ।

यसअघि २०७९ माघ २७ गते माओवादी केन्द्र, नागरिक उन्मुक्ति पार्टी, एकीकृत समाजवादीकोसमेत समर्थनमा उनी मुख्यमन्त्रीमा नियुक्त भएका थिए । केन्द्रमा फेरिएको समीकरणसँगै माओवादी केन्द्र र एकीकृत समाजवादीले समर्थन फिर्ता लिएपछि अल्पमतमा परेका शाहले गत चैत २२ गते पदबाट राजीनामा दिएका थिए । ५३ सदस्यीय प्रदेशसभामा नेपाली कांग्रेसका १८, माओवादी केन्द्रको सभामुखबाहेक १०, एमालेको ११, नागरिक उन्मुक्ति पार्टीको सात, एकीकृत समाजवादी पार्टीका चार, राप्रपाको एक र एक स्वतन्त्र सदस्य छन् ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAVIS LOUNGE LADIES BEAUTY SALON CO.

पूर्व स्वीकृति मिति २०८१/०४/२७ | LT. No. 308764 | चलानी नं. ६०२२३५७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Stylist/manicurist/pedicurist/complexion Masseur/maker Up | 0 | 2 | 150 | ६५,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ६ गते (22nd Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Namo Buddha Recruitment Pvt. Ltd.
Basundhara-3, Kathmandu, Nepal, Phone : + 977-1-4983168, E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com,Website : www.namobuddharecruitment.com
Govt. License 1370/74/75



## साउदीमा रोजगार

कम्पनी : CROSS ROADS TRANSPORTATION
शहर : Riyadh

पूर्व स्वीकृति मिति २०८१/०१/२३ | LT No. 304209 | चलानी नं. ६०२१९०१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६४,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ६ गते (22nd Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OM OVERSEAS EMPLOYMENT PVT.LTD
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9801020501
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com
Govt. License 1518/074/075



## युएईमा रोजगार

कम्पनी : YSR CARPENTRY & FLOORING CONTRACTING LLC
शहर : Dubai

पुर्व स्वीकृति मिति : २०८१/०१/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०४/३० | LT No. 303698 | चलानी नं. ६०२१८७०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer Assistant | 3 | 0 | 1200 | ४३,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason | 2 | 0 | 1200 | ४३,६२५ | | | | | | | |
| 3 | Building Laborer | 8 | 0 | 1000 | ३६,३५० | | | | | | | |
| 4 | House Builder | 4 | 0 | 1200 | ४३,६२५ | | | | | | | |
| 5 | Carpenter | 3 | 0 | 1200 | ४३,६२५ | | | | | | | |
| 6 | Concrete Mason | 6 | 0 | 1200 | ४३,६२५ | | | | | | | |
| 7 | Construction Carpenter | 2 | 0 | 1200 | ४३,६२५ | | | | | | | |
| 8 | Stone Mason | 5 | 0 | 1200 | ४३,६२५ | | | | | | | |
| 9 | Tile Layer | 5 | 0 | 1200 | ४३,६२५ | | | | | | | |
| 10 | Tile Layer Assistant | 5 | 0 | 1200 | ४३,६२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ६ गते (22nd Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६८४/०८०/८१
PARADISE HUMAN RESOURCE PVT. LTD
KMC-9, Jamuna Galli, Kathmandu, Tel: 01-5921521, 5921522, Email: paradisehuman123@gmail.com, info@paradisehumanresource.com.np, Web: www.paradisehumanresource.com.np


# दुर्घटनाको जोखिममा राजमार्ग क्षेत्रका नागरिक

**राँझा (बाँके)–** जिल्लाको राप्ती सोनारी गाउँपालिका-९ ढकेरीस्थित झिझरी खोला नजिक गत बिहीबार स्कुल बसको ठक्करबाट एकजना पैदलयात्रीसहित १३ खसी बाख्रा मरेका थिए । पूर्व-पश्चिम राजमार्गमा कोहलपुरको चप्परगौडीस्थित ज्ञानकुञ्ज लिटिल बोर्डिङ स्कुलको बसले स्थानीय २६ वर्षीय गोविन्द ओलीलाई ठक्कर दिँदा उनको घटनास्थलमै मृत्यु भएको थियो । सोही क्षेत्रमा गत वर्ष यात्रुबाहक बसको ठक्करबाट पाँच पशुचौपाया परेका थिए ।

विभिन्न समयमा हुने यस्ता दुर्घटनाबाट राजमार्ग क्षेत्रका सर्वसाधारणले बर्सेनि ठूलो जनधनको क्षति व्यहोर्दै आएका छन् । पशुपालक किसान सडक दुर्घटनाको जोखिममा पर्दै आएको राप्ती सोनारी-९ का वडाध्यक्ष सोहनलाल थारुले बताए । गाईवस्तुलाई जंगल लैजाने र घर फर्काउने क्रममा राजमार्गमा तीव्र गतिमा गुड्ने सवारीसाधनले ठक्कर दिँदा दुर्घटना हुने गरेको उनको भनाइ छ । बाँकेमा गत आर्थिक वर्षमा दुर्घटनामा परी १२ पशुचौपायाको ज्यान गएको र तीन पशुचौपाया घाइते भएका जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक गोपीकृष्ण सुवेदीले जानकारी दिए । जिल्लामा भएका अधिकांश सवारी दुर्घटना चालक र सडक प्रयोगकर्ताको लापरबाहीका कारण हुने गरेको उनले बताए ।

'सवारी दुर्घटना भएकामध्ये अधिकांश लापरबाहीका कारण भएका छन् । चालकको लापरबाही प्रमुख कारण हो भने केही दुर्घटना सडक प्रयोगकर्ताले सावधानी नअपनाउँदा भएका छन्,' प्रहरी निरीक्षक सुवेदीले भने, 'सडक नियमको पालना नगर्ने, नजिकै जेब्रा क्रसिङ भए पनि हतारहतार गरेर जहाँ पायो त्यहीँबाट बाटो काट्दा दुर्घटना भई ज्यान जाने गरेको छ ।'

गत आवमा १५८ वटा सवारी दुर्घटनामा परी ६६ जनाले ज्यान गुमाएका छन् । सडक दुर्घटनामा २१२ नागरिक घाइते भएका प्रहरी निरीक्षक सुवेदीले जानकारी दिए । दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले बेलाबेलामा राडर गनसहितको जाँच गर्नुका साथै सचेतनाका कार्यक्रम गर्दै आएको उनले बताए ।

राप्ती सोनारी-९ ढकेरीका नागरिक अगुवा विश्वराज खनालले राजमार्ग क्षेत्रमा हुने सडक दुर्घटना न्यूनीकरण तथा रोकथाम गर्न सवारी चालकसँगै आम नागरिकलाई सचेत गराउनुपर्नेमा जोड दिए । 'ट्राफिक प्रहरी र यातायात व्यवसायीले मात्र चाहेर सवारी दुर्घटना न्यूनीकरण गर्न सम्भव हुदैन,' उनले भने, 'जनचेतना जगाउने, ट्राफिक निमय सिक्ने/सिकाउनेलगायत कार्यमा सर्वसाधारण तथा नागरिक समाजको पनि भूमिका महत्त्वपूर्ण रहन्छ ।' *रासस*

# प्रभाव दैनिक

रूपशाला

बिहीबार, ३१ साउन २०८१ (Thursday, August 15, 2024)


## 'नरसिंहाः अवतार'मा सनिशा अनुबन्धित

निर्देशक दिवाकर भट्टराई निर्देशन गर्न लागेको फिल्म 'नरसिंहाः अवतार' मा शीर्षमध्ये एक भूमिकामा सनिशा भट्टराई अनुबन्धित भएकी छन् । यसको निर्माणपक्षले फिल्मका लागि अहिलेसम्म तीन जना मुख्य पात्रहरु फाइनल गरेको हो । निर्माणपक्षले यो फिल्ममा सनिशाको कस्तो भूमिका छ भन्ने विषयमा भने केही पनि खुलाइएको छैन । आफूले निर्वाह गर्ने भूमिका र यो फिल्मलाई लिएर आफू उत्साहित रहेको जानकारी सनिशाले दिइन् । सनिशाको यो दोस्रो फिल्म हो । उनको डेब्यू अभिनय रहेको फिल्म १२ गाउँ फूलपातीमा रिलिज हुँदैछ ।



# 'घर नम्बर २' माघ ११ मा आउने

■ प्रभाव संवाददाता

**काठमाडौं–** साउनको २५ गतेबाट छायांकनमा रहेको फिल्म 'के घर के डेराः घर नम्बर २' आगामी माघको ११ गतेबाट रिलिज सार्वजनिक प्रदर्शनमा आउने भएको छ । निर्माण युनिटले वितरक कम्पनी रिच इन्टरटेन्मेन्टका प्रमुख करण श्रेष्ठसँगको छलफलबाट फिल्मको रिलिज मिति तय गरेका हुन् ।

फिल्मका लागि माघको ११ गते राम्रो देखेर प्रदर्शनका लागि लक गरिएको वितरक करण श्रेष्ठले बताए । फिल्मको छायांकन एक महिनामा सक्ने योजना निर्माण पक्षको छ । फिल्मको अहिले काठमाडौं आसपासका स्थानमा छायांकन भइरहेको छ । दीपेन्द्र के खनालको निर्देशन रहेको फिल्मको कथा बुद्धि सागरले लेखेका हुन् । फिल्ममा खगेन्द्र लामिछाने, निश्चल बस्नेत, आर्यन सिग्देल, केकी अधिकारी, उपासना सिंह ठकुरी, प्रकाश घिमिरे, श्रृजना नापित, संजोग रसाइली, रुविना घिमिरे लगायतका कलाकार हरूको अभिनय रहनेछ ।

सामाजिक विषयवस्तुमा बन्न लागेको फिल्ममा कृष्णबहादुर थापाको छायांकन छ । ए प्लस इन्टरटेन्मेन्ट र नटराज क्रियशनको ब्यानरमा निर्माण भइरहेको यो फिल्ममा शरद श्रेष्ठ, किरण महर्जन र राजीव श्रेष्ठको लगानी छ ।



फिल्मका कार्यकारी निर्माता युवराज कार्की हुन् । फिल्मको सह-निर्माता ओम प्रकाश अग्रवाल र महेश किजु हुन् । ओएसआर डिजिटल फिल्मको डिजिटल पार्टनर रहेको छ । फिल्मलाई काठमाडौंमा रिच इन्टरटेन्मेन्ट र मोफसलमा एफडी कम्पनीले वितरण गर्नेछन् ।

# चलचित्र विकास बोर्ड अध्यक्षका लागि करिश्माको आवेदन

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र विकास बोर्डको रित्त अध्यक्ष पदका लागि अभिनेत्री करिस्मा मानन्धरले पनि निवेदन दिएकी छिन् । अभिनेत्री मानन्धरले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय पुगेर आफ्नो निवेदन दर्ता गराएकी हुन् ।

मानन्धरले निवेदन दिएसँगै बोर्ड अध्यक्षका लागि अहिलेसम्म तीन जनाको आवेदन परेको छ । यसअघि अध्यक्षका लागि निर्देशक तथा सञ्चारकर्मी दिनेश डिसी र राष्ट्रिय नाचघरमा पूर्वमहाप्रवन्धक राजेश थापाले निवेदन दर्ता गराएका थिए । निवेदन दिने तीनै जना नेकपा एमाले निकट कलाकर्मी हुन् ।

गत साउन ९ गते भुवन केसीको दुई वर्षे कार्यकाल पूरा भएसँगै रिक्त रहेको अध्यक्ष पदका लागि गत साउन १६ गते सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले दरखास्त आह्वान गरेको थियो । आवेदन दिने मिति बुधबारसम्म रहेको छ ।

आवेदन दिने मिति सकिएपछि मन्त्रालयले




कार्ययोजना, प्रस्तुतीकरण र अन्तरवार्ता दिनका लागि सूचना जारी गर्नेछ । त्यसपछि, मन्त्रालयले आवेदन दिएका व्यक्तिहरूको नाम मन्त्रिपरिषद्मा सिफारिस गर्नेछ । मन्त्रीपरिषद्ले ती नामबाट एक जनालाई विकास बोर्डको अध्यक्षमा नियुक्त गर्नेछ ।

# अस्कर कलेजले फिल्म र सिरिज बनाउने

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्मको औपचारिक पठनपाठन सञ्चालन गर्दै आएको ओस्कार कलेजले फिल्म तथा सिरिज निर्माण गर्ने भएको छ । कलेजको २० औं वार्षिकोत्सवको अवसरमा कलेज प्रमुख तथा निर्देशक रामराजा दाहालले कलेजका वर्तमान तथा दीक्षित दुवै विद्यार्थीलाई लक्षित गरी फिल्म निर्माण गर्न लागिएको घोषणा गरे ।

उनले भने, 'विद्यार्थीलाई कलेज सकेपछि फिल्म निर्माण कहाँ कसरी गर्ने भन्ने ठूलो चिन्ता हुन्छ । त्यही चिन्ता दूर गर्न कलेजले वर्तमान तथा दीक्षित विद्यार्थीलाई फिल्म निर्माणका लागि आवश्यक पर्ने सम्पूर्ण प्राविधिक उपकरण तथा भौतिक स्रोत साधन उपलब्ध गराउने छ ।'

समारोहमा कलेजका संस्थापक नीर शाहले कलेजले दुई दशक लामो प्राज्ञिक यात्रा पार



गरेको अवसरमा खुसी तथा गर्व लागेको बताए । उनले भने, 'नेपाली सिनेमाको प्राज्ञिक तथा बौद्धिक कुरा आउँदा अस्कर कलेजको नाम छुटाउनै नहुने रूपमा स्थापित भइसकेको छ ।'

आफू सधैं अस्कर कलेजको शुभेच्छुक रहेको भन्दै उनले भविष्यमा पनि नयाँ पुस्ताका विद्यार्थीहरूलाई लाभ हुने काम गर्न पछि नपर्ने बताए ।

कलेजका सञ्चालक समिति, शिक्षक, कर्मचारी तथा विद्यार्थीको उपस्थितिमा भएको वार्षिकोत्सव समारोहको अवसरमा १३ औं ब्याचका विद्यार्थीलाई बिदाइ र सत्रौं र अठारौं ब्याचका विद्यार्थीलाई स्वागत गरियो । कार्यक्रममा पूर्व तथा वर्तमान विद्यार्थीले नृत्य, गायन तथा कविता वाचन आदि प्रस्तुति दिएका थिए ।

# हलमा लाग्नुअघि नै श्रद्धा कपुरको 'स्त्री–२' हिट

**मुम्बई–** मानिसमा हरर चलचित्रको क्रेज बढेको छ । केही समययता यस्तो फिल्म रिलिज हुँदा बक्स अफिसमा हलचल मच्चिन्छ ।

अब फेरि एक पटक बक्स अफिसमा राज गर्न फिल्म 'स्त्री २' रिलिज हुँदैछ । फ्यानहरू यो फिल्मको उत्सुकताका साथ पर्खिरहेका थिए । अब यो प्रतिक्षाको अन्त्य हुँदैछ ।

चलचित्र आज राति ९:३० बजे रिलिज हुनेछ । फर्स्ट डे फर्स्ट शो हेर्नको लागि मानिसहरू तयारीमा जुटेका छन् । स्त्री-२ को अग्रिम बुकिङ खुला भएको छ




र यसको अग्रिम बुकिङ धमाधम भइरहेको छ । अग्रिम बुकिङमा यो फिल्मले खेल खेल्ने र वेदलाई पछि पारेको छ ।

एक दिन अगाडि स्त्री २ रिलिज गरेर निर्माताहरूले यसअघि खेल खेलमा र वेदालाई स्त्री २ सँगै १५ अगस्टमा रिलिज गर्ने तयारी गरेका थिए । यी दुवै ठूला स्टारका फिल्म हुन् तर दुवैको बजेट 'स्त्री २' भन्दा निकै कम छ ।

स्त्री- २ ले अग्रिम बुकिङमार्फत करोडौं रूपैयाँ कमाएको छ । सकनिल्कको रिपोर्टका अनुसार 'स्त्री- २' ले पहिलो दिन अहिलेसम्म ११ करोड २३ लाख रूपैयाँ कमाएको छ । फिल्मको ९७१४ शोका लागि ३७७३८० टिकट बिक्री भएको छ । साँझसम्म यो संख्या अझै बढ्न सक्छ ।

## रंगशाला

# कर्पोरेट क्रिकेटको मुख्य प्रायोजक गोदावरी स्टिल्स



■ प्रभाव संवाददाता

**काठमाडौं–** भेट्रान्स फोट्टीले आयोजना गर्ने कर्पोरेट क्रिकेट लिगको मुख्य प्रायोजकमा गोदावरी स्टिल्स जोडिएको छ ।

ललितपुरको ग्रेट हिमालय क्रिकेट एकेडेमी इन्डोर क्रिकेटमा भाद्र १ गतेदेखि सुरु हुने कर्पोरेट क्रिकेट प्रतियोगितामा गोदावरी स्टिल्स मुख्य प्रायोजकको रूपमा जोडिएको छ ।

आयोजक भेट्रान्स फोट्टीका प्रमुख कार्यकारी अधिकृत सन्तोष भण्डारी र गोदावरी स्टिल्सका मार्केटिङ हेड युवराज पोखरेलले बिहीबार प्रायोजन सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् ।

सिईओ भण्डारीले क्रिकेट प्रेमी र पुराना खेलाडीलाई प्रतियोगिताले राम्रो अवसर प्रदान गर्ने बताए । उनले प्रतियोगितालाई अझ स्तरीय र भव्यताका साथ विकास गरिने बताए । गोदावरी स्टिल्सका मार्केटिङ हेड पोखरेलले कर्पोरेट क्रिकेटसँगको सहकार्यलाई दीर्घकालिन रूपमा अघि लैजाने ईच्छा ब्यक्त गरे । बिहीबारको पत्रकार सम्मेलनमा प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी र उत्कृष्ट ब्याटर तथा बलरलाई थाईल्याण्ड टूरको प्याकेज दिने घोषणा गरिएको छ ।

पत्रकार सम्मेलनमा सहभागी २० टिमको समूह विभाजन गरिएको थियो । समूह एमा नेपाल बैंक, लक्ष्मी सनराईज बैंक, आईएमई ग्रूप, प्रभु बैंक, सालिको रहेका छन् । समूह बीमा जगदम्बा ग्रूप, एनआईसी एसिया, युनाईटेड अजोड, लुम्बिनी विकास बैंक, क्लाउड फ्याक्ट्री छन् ।

समूह सीमा आईसीएफसी फाइनान्स, डोग्मा ग्रूप, सानिमा इन्स्योरेन्स, क्विस्ट फर्मा, नेपाल एसबीआई बैंक र समूह डीमा केआईईसी, राष्ट्रिय वाणिज्य बैंक, प्राईम बैंक, अम्बे ग्रूप र कर्मचारी सञ्चय कोष सहभागी रहेको कम्पनी सचिव अनिल बर्तौलाले बताए ।

# एकदिवसीय वरीयताको दोस्रो स्थानमा रोहित

**काठमाडौं (एजेन्सी)–** भारतीय टोलीका सीमित ओभरका उपकप्तान शुभमन गिललाई पछि पार्दै भारतीय कप्तान रोहित शर्मा आईसीसीको पछिल्लो एकदिवसीय वरीयतामा एक स्थान माथि उक्लिएका छन् ।

रोहित आईसीसीको एकदिवसीय वरियतामा दोस्रो स्थानमा पुगेका हुन् । यद्यपि, बाबर आजम भने पहिलो स्थानमा यथावत छन् । रोहितले भर्खरै श्रीलंकाविरुद्धको तीन खेलको एकदिवसीय शृंखलामा दुई अर्धशतकसहित कुल १५७ रन बनाएका थिए ।

उनीबाहेक अन्य कुनै भारतीय ब्याट्सम्यानले यो शृंखलामा अर्धशतक पनि बनाउन सकेनन् । जसका कारण रोहित ७६५ रेटिङ अंकका साथ वरीयतामा दोस्रो स्थानमा पुगेका छन्। शृंखलाअघि गिल ७८२ रेटिङ अंकका साथ दोस्रो स्थानमा थिए ।

यद्यपि गिल रोहितभन्दा पछाडि छैनन् । वरीयतामा एक स्थान मात्र गुमाएका गिल अहिले ७६३ रेटिङ अंकसहित तेस्रो स्थानमा छन् । तर, वरियतामा पहिलो स्थानमा रहेका बाबर र दोस्रो स्थानमा रहेका रोहितबीच ठूलो खाडल छ । बाबरको ८२४ रेटिङ अंक छ ।

विराट कोहलीका लागि श्रीलंका भ्रमण पनि खास रहेन । यसका बाबजुद उनको वरीयतामा कुनै परिवर्तन आएको छैन । उनी ७४६ रेटिङ अंकसहित चौथो स्थानमा यथावत छन्। तर, उनको रेटिङ अंक ६ ले गिरेको छ। भारतविरुद्धको तीन खेलको घरेलु एकदिवसीय शृंखलामा १०१ रन बनाएका श्रीलंकाका ब्याट्सम्यान पथुम निसान्काले पनि एक स्थान सुधार गरेका छन् । निसान्का अहिले ७०८ रेटिङ अंकका साथ आठौं स्थानमा छन् ।

# पल्सर स्पोर्टस अवार्ड भदौ अन्तिम साता



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली खेलकुदमा वर्षभरि उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडी एवम् प्रशिक्षकलाई प्रदान गरिने 'पल्सर स्पोटर्स अवार्ड' आगामी भदौमा प्रदान गरिने भएको छ ।

आगामी भदौ २८ गते आयोजना हुने २१औं संस्करणको उक्त अवार्ड विभिन्न दश विधामा उत्कृष्ट घोषित हुने खेलाडीलाई सम्मान गरिने आयोजक नेपाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष दुर्गानाथ सुवेदीले यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए । उनका अनुसार वर्षको उत्कृष्ट पुरुष खेलाडी, वर्षको उत्कृष्ट महिला, वर्षको उत्कृष्ट युवा, वर्षको उत्कृष्ट प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, पारा एथलिट सम्मान, स्पेसल अवार्ड, टिम अफ दी एयर लाइफटाइम एचिभमेन्ट अवार्ड र एसियन स्पोर्टस जर्नालिष्ट अवार्ड विधा रहनेछ ।

उक्त अवार्डका लागि आयोजक मञ्च र गोल्छा ग्रुपबीच मुख्य प्रायोजनसम्बन्धी सम्झौता भएको छ। आयोजक मञ्चका अध्यक्ष सुवेदी र गोल्छा गुरूपका प्रबन्ध निर्देशक अभिमन्यु गोल्छाले उक्त अवार्डमा मुख्य प्रायोजकका रूपमा रहने विषयमा हस्ताक्षर गरे । सम्झौताअनुसार गोल्छा ग्रूपले वर्ष खेलाडी पुरुष, महिला, युवा, पिपल्स च्वाइस र प्रशिक्षक गरी पाँच विधामा उत्कृष्ट हुने खेलाडीलाई जनही एक थान मोटरसाइकल पुरस्कार प्रदान गरिनेछ ।

त्यसैगरी, अन्य विधा टिम अफ दी एयर, लाइफटाइम अचिभमेन्ट, स्पेसल र पारा एथलिट विधाका विजेताले जनही रु एक लाख पुरस्कार पाउने छन् । अघिल्लो संस्करणको तुलनामा यसपटक पुरस्कार राशिमा शत्प्रतिशत वृद्धि गरिएको मञ्चका अध्यक्ष सुवेदीले बताए । उनका अनुसार यसअघि उक्त विधाका विजेता खेलाडीलाई जनही रु ५० हजार पुरस्कार प्रदान गरिएको थियो ।

यसपटक मञ्चले अवार्ड कार्यक्रमसँगै एसियाली खेलकुद पत्रकार महासङ्घ (एआइपिएस, एसिया) को कंग्रेस पनि नेपालमै आयोजना गर्ने भएको छ। उक्त कङ्गेस आगामी भदौ २५ देखि २८ गतेसम्म हुनेछ । कङ्गेसमा एसियाका ३३ देशका खेलकुद पत्रकारको उपस्थिति रहने मञ्चका अध्यक्ष सुवेदीले जानकारी दिए ।

अघिल्लो वर्ष पुरुषतर्फ एथ्लेटिक्सका दीपक अधिकारी, महिलातर्फ एथ्लेटिक्सकी राजपुरा पछाई, प्रशिक्षकमा एथ्लेटिक्सका चन्द्रबहादुर गुरुङ, युवामा क्रिकेटका देवकुमार खनाल र पिपल्स च्वाइस अवार्डमा टेबलटेनिसकी सिक्का सुवाल श्रेष्ठले पल्सर स्पोर्टस अवार्ड जितेकी थिइन । त्यसैगरी, स्पेसल अवार्ड फोटोपत्रकार सुदर्शन रञ्जित, पारा एथलिट सम्मान एथ्लेटिक्सकी पारा खेलाडी मैया विशुँखे, एसियन स्पोर्टस जर्नालिस्ट अवार्ड हङ्कङका खेलपत्रकार चु चान फाइ र लाइफटाइम एचिभमेन्ट अवार्ड भारत्तोलनका ओलम्पियन राजेन्द्रकुमार प्रधानलाई प्रदान गरिएको थियो ।

# जापानका प्रधानमन्त्री किशिदा निर्वाचन नलड्ने



**टोकियो–** जापानका प्रधानमन्त्री फुमियो किशिदाले आगामी सेप्टेम्बरमा हुने पार्टी नेतृत्वको निर्वाचनमा भाग नलिने घोषणा गरेका छन् । किशिदा सन् २०२१ मा लिबरल डेमोक्र्याटिक पार्टीको अध्यक्षमा निर्वाचित भएका थिए । उनको तीन वर्षे कार्यकाल सेप्टेम्बरमा सकिँदै छ ।

उनी चुनावी दौडबाट बाहिरिएसँगै पार्टीको नेताका लागि सेप्टेम्बरमा हुने निर्वाचनमा बहुमत प्राप्त गर्ने नयाँ नेता प्रधानमन्त्रीको उत्तराधिकारी हुने अवसर मिल्ने छ किनभने संसद्को दुवै सदनमा एलडिपीको बहुमत छ । पार्टीको भ्रष्टाचार काण्डबाट आक्रान्त भएका किशिदाप्रतिको समर्थन दर २० प्रतिशतभन्दा तल झरेको छ । उनले सेप्टेम्बरमा हुने मतदानमा भाग नलिने घोषणा गर्दै आफ्नो पार्टी देश हितका लागि परिवर्तन भइरहेको देखाउनका लागि नयाँ नेताका लागि अनुमति दिएका हुन् । किशिदाले नयाँ निर्वाचित नेतालाई समर्थन गर्ने बताए ।

यस वर्षको सुरुमा भएको स्थानीय चुनावमा हारले उनको प्रभाव कमजोर बनेको र एलडिपीका सांसदहरूले आगामी आमनिर्वाचनअघि नयाँ अनुहारको आवश्यकतामा आवाज उठाएका समय प्रधानमन्त्री किशिदाको यो निर्णय आएको हो ।

भ्रष्टाचार प्रकरण सार्वजनिक भएपछि, किशिदाले धेरै मन्त्री र अन्यलाई पार्टी कार्यकारी पदबाट हटाएर पार्टीमा देखिएका गुट उपगुटहरू विघटन गरेका छन् । यसलाई राजनीतिक वृत्तमा पैसाका लागि अनुकूल राजनीतिको स्रोतको रूपमा आलोचना गरिएको थियो । उनको नेतृत्वमा राजनीतिक कोष नियन्त्रण कानुनलाई कडा बनाउने कानुन पारित भएको छ । सुधारका कैयौं प्रयासबीच पनि उनको नेतृत्वको सरकारप्रतिको समर्थन भने कम हुँदै गएको छ । *रासस/एपी*

# सुडानमा सरकारी सेनाको अनुपस्थितिमा युद्धविराम वार्ता सुरु हुने

**जेनेभा–** सुडानी सरकार नरहने तयारी गरे पनि अमेरिकी मध्यस्थतामा रहेको सुडान युद्धविराम वार्ता स्विट्जरल्याण्डमा बुधबारदेखि सुरु हुने भएको छ । सुडानका लागि अमेरिकी विशेष दूत टम पेरिएलोले विनासकारी द्वन्द्वबाट तहसनहस भएका सुडानका जनताले अब पर्खन नसक्ने भन्दै वार्ता अघि बढ्ने बताएका छन् ।

सन् २०२३ को अप्रिलदेखि सुडानका वास्तविक शासक अब्देल फतह अल बुरहानको नेतृत्वमा रहेको सेना र उनका पूर्वसहयोगी मोहमद हमदान डग्लोको नेतृत्वमा रहेको अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेज (आरएसएफ) बीच युद्ध चलिरहेको छ ।

आरएसएफको प्रतिनिधिमण्डल अज्ञात स्थानमा बन्द कोठामा हुने वार्ताका लागि स्विट्जरल्याण्डमा छ तर सरकारनिकट सुडानी सशस्त्र बल (एसएएफ)ले निमन्त्रणा स्वीकार गरेको छैन । दश दिनसम्म चल्ने उक्त वार्ताका लागि साउदी अरब र स्विट्जरल्याण्डले संयुक्तरूपमा मध्यस्थता गरेका छन् भने अफ्रिकी संघ, इजिप्ट, संयुक्त अरब इमिरेट्स र संयुक्त राष्ट्रसंघ पर्यवेक्षकका रूपमा उपस्थित छन् ।

सुडानमा चलिरहेको हिंसात्मक द्वन्द्वले संसारकै सबैभन्दा खराबमध्ये एक मानिएको मानवीय संकट निम्त्याएको छ । यस द्वन्द्वका कारण हरेक पाँच सुडानीमध्ये एक जना आफ्नो घर छोड्न बाध्य भएका छन् भने दशौं हजारको मृत्यु भइसकेको छ । देशभरका दुई करोड ५० लाखभन्दा बढी अर्थात् आधाभन्दा बढी जनसंख्या भोकमरीको चपेटामा परेको छ ।

'अहिले शान्ति स्थापनाका लागि उपयुक्त समय हो,' पेरिएलोले मंगलबार भने, 'अहिलेसम्म एसएएफले भाग लिन मानेको छैन । यद्यपि हामी हाम्रा अन्तर्राष्ट्रिय र प्राविधिक साझेदारहरूसँग सुडानका जनतालाई समर्थन गर्न सबै विकल्पहरू खोजी गर्न अघि बढ्ने छौं ।' उनले भने, 'सरकारलाई 'अवसरको फाइदा उठाउन' आग्रह गर्दछौं ।' *रासस/एएफपी*

# बंगलादेशको अन्तरिम सरकारलाई समावेशी हुन राष्ट्रसंघका प्रमुखको आग्रह

**न्युयोर्क–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले बंगलादेशमा संसदीय चुनावको आह्वान गर्दै अन्तरिम सरकारलाई समावेशी हुन आग्रह गरेका छन् । संयुक्त राष्ट्रसंघका प्रमुखले महिला तथा अल्पसंख्यक समुदायलाई निर्वाचनमा समावेश गर्न आग्रह गरेका हुन् ।

'महासचिव गुटेरेसले अन्तरिम सरकारको समर्थनमा बंगलादेशमा शान्ति पुनर्स्थापना गर्न संसदीय निर्वाचनको प्रयासलाई स्वागत गरेका छन्,' महासचिवका उपप्रवक्ता फरहान हकले सोमबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'उनले महिला, युवा, अल्पसंख्यक, आदिवासी समुदाय साथै सम्पूर्ण जनताको आवाजलाई ध्यानमा राख्दै समावेशिताको हरेक प्रयास जारी राख्न अन्तरिम सरकारलाई आग्रह गर्नुभयो ।'

बढ्दो विरोधका बीच आवामी लिगकी नेतृ शेख हसिनाले अगस्ट ५ मा प्रधानमन्त्री पदबाट राजीनामा दिएपछि बंगलादेशले हाल अस्थिर राजनीतिक अवस्थाको सामना गरिरहेको छ । मुख्यतया सरकारी जागिरका लागि आरक्षण प्रणाली अन्त्य गर्न माग गर्दै विद्यार्थीको नेतृत्वमा भएको विरोध प्रदर्शनपछि सरकार विरोधी प्रदर्शनमा परिणत भएको थियो ।

देशमा चलिरहेको हिंसाको क्रममा बेपत्ता भएका परिवारका सदस्यहरूको पोस्टर लिएर विरोध प्रदर्शन गरिरहेका अल्पसंख्यक हिन्दू समुदायका सदस्य र बंगलादेशी सेनाबीच मंगलबार झडप भएको थियो । बंगलादेशको अन्तरिम सरकारका प्रमुख सल्लाहकार, नोबेल पुरस्कार विजेता मुहम्मद युनुसले मंगलबार ढाकाको ऐतिहासिक ढाकेश्वरी मन्दिरको भ्रमण गर्दै अल्पसंख्यकहरूलाई देशमा सुरक्षा कायम गर्ने आश्वासन दिएका छन् । *रासस/एएनआई*

# म्यान्मारको सेनाद्वारा जुन्ता प्रमुखलाई पक्राउ गरिएको अस्वीकार

**यांगुन–** म्यान्मारको सेनाले बुधबार चिनियाँ विदेशमन्त्रीको भ्रमणअघि 'गद्दार'ले फैलाएको 'प्रोपोगान्डा' भएको बताएको छ । सन् २०२१ मा भएको सैन्य 'कू' लाई उल्टाउन संघर्षरत जातीय अल्पसंख्यक सशस्त्र समूह र अन्य विद्रोहीका कारण सरकारी सेनाले आफ्नो भूभाग गुमाएपछि जुन्ता प्रमुख मिन आङ ह्लाइङले हालैका हप्ताहरूमा सैन्य समर्थकहरूको सार्वजनिक आलोचनाको सामना गर्नुपरेको छ ।

मंगलबार सामाजिक सञ्जालमा विभिन्न पोस्टमा शीर्ष जनरलहरूले राजधानी नेपिडोमा मिन आङ ह्लाइङलाई हिरासतमा लिएको दाबी गरिएको थियो । यी दाबीहरू 'प्रोपोगान्डा... देशको शान्ति र स्थिरतामा खलल पुर्‍याउने उद्देश्यका साथ,' जुन्टाले एक विज्ञप्ति जारी गर्दै समाचार सेयर गर्नेहरूलाई 'गद्दार' भएको आरोप लगाएको छ ।

'राष्ट्रप्रमुख र सरकार प्रमुखले मिलेर आफ्नो राष्ट्रिय जिम्मेवारी पूरा गरिरहेका छन्,' विज्ञप्तिमा भनिएको छ । चीनका विदेशमन्त्री वाङ यी मिन आङ ह्लाइङसँग वार्ताका लागि बुधबार म्यानमार आउने भएका छन् । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले मंगलबार भने, 'यो भ्रमणको उद्देश्य विभिन्न क्षेत्रमा पारस्परिक लाभकारी सहयोगलाई प्रगाढ बनाउनु हो ।'

चीन जुन्टाको प्रमुख सहयोगी र हतियार आपूर्तिकर्ता हो तर विश्लेषकहरूले भने उसले आफ्नो सीमा नजिकको भूभाग कब्जा गर्ने जातीय सशस्त्र समूहहरूसँग पनि सम्बन्ध कायम राखेको बताएका छन् । हालैका हप्ताहरूमा जातीय सशस्त्र समूहहरूको गठबन्धनले चीनको युन्नान प्रान्तसँग सीमा जोडिएको उत्तरी शान राज्यको जुन्टाबाट क्षेत्र कब्जा गरेको छ ।

कब्जा गरिएको इलाकामा शान राज्यको सहर लासियोमा सेनाको उत्तरपूर्वी कमान्ड पनि समावेश छ, जहाँ लगभग एक लाख ५० हजार मानिस बस्छन् । सन् २०२१ मा सेनाले गरेको 'कू' पछि जुन्टाका विरोधीहरूले पहिलोपटक कब्जा गरेको क्षेत्रीय कमाण्डकब्जा गरेपछि यसका समर्थकहरूले शीर्ष जनरलहरूको दुर्लभ सार्वजनिक आलोचना गरेका थिए ।

मिन आङ ह्लाइङले पछि गठबन्धनले 'विदेशी' स्रोतबाट ड्रोन र छोटो दूरीका क्षेप्यास्त्रलगायतका हतियार प्राप्त गरिरहेको बताएका थिए । चीनका पूर्वविदेशमन्त्री किन गाङले गत वर्ष मे महिनामा मिन आङ ह्लाइङसँग वार्ता गरेका थिए । म्यान्मारका एक वरिष्ठ सैन्य अधिकारीका अनुसार वाङ यीले म्यान्मारकी प्रजातन्त्रवादी नेतृ आङ सान सुकीलाई भेट्ने छैनन् । *रासस/एएफपी*


## Prasauni Rural Municipality
## Office of The Rural Municipal Executive

Prasauni, Bara,
Madhesh Pradesh, Nepal

## Invitation for Bids

Date of publication: 2081/04/31 (2024-08-15)

1. The **Office of The Rural Municipal Executive, Prasauni** has allocated funds towards the cost of **Supply And Delivery of ladies Bicycle for below mentioned contract.** Bidding is open to all eligible Nepalese bidders.
2. **Office of TheRural Municipal Executive, Prasauni**, invites electronic bids from eligible bidders under Sealed Quotation Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the **Office of The Rural Municipal Executive, Bara, E-mail:prasaunigaupalika1@gmail.com**
4. **According to amended public procurement act (PPA-69 amendment) and public procurement regulation, only e-Bidding is applicable for this contract. No Hardcopy submission is applicable.**
5. Bidder who chooses to submit their bid can download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified in this notice) of bidding document in the Project's Office **revenue account** as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher of **non-refundable fee of** bid shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **Himalayan Bank Ltd., Prasauni, Bara**
   Name of Office: **Office Of The Rural Municipal Executive, Prasauni, Bara**
   Account Name:-**GA-1.1 AantrikRajaswaKhataPrasauni**
   Office Account no.: **05307682940019**
6. Electronic bids must be submitted to the **Office Of The Rural Municipal Executive, Prasauni, Bara** through PPMO website www.bolpatra.gov.np/egpon or before 24:00 Hrs on **2081/05/14 (2024-08-30)** for Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00Hrs, **2081/05/16 (2024-09-01)** at the **Office Of The Rural Municipal Executive, Prasauni,Bara.** Bids must be valid for a period of 90 Days after bid opening and must be accompanied by a bid security & scanned copy of the bid security in pdf format, amounting to a minimum of **rupees as mentioned below** which shall be valid for 30 days beyond the validity period of the bid (i.e. ***90*** Days).
8. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, what so ever.

| S. No. | Contract ID No. | Project Name | Estimated Amount With Vat (Nrs.) | Bid security (Nrs.) | Bid Fee (Nrs.) |
|---|---|---|---|---|---|
| 1 | PRM/SQB/G/2081/082/01 | Supply & Delivery Of Ladies BiCycle. | 17,45,850.00 | 45,000.00 | 1000.00 |

***Chief Administrative Officer***



## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी** : LAMOUR & MORE FOR SWEETS AND PASTRIES

पूर्व स्वीकृति मिति २०८०/०४/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०४/३१ | LT No.290663 | चलानी नं ६०२०५८८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 2 | 7 | 135 | ५७,९८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Tools Cleaner | 3 | 2 | 100 | ४२,९५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ६ गते (22 Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com



## बहराइनमा रोजगार

**कम्पनी** : AL AHLIA CONTRACTING CO.W.L.L
**शहर** : Mahazza

पूर्व स्वीकृति मिति : २०८१/०४/३० | LT No.308860 | चलानी नं. ६०२२३५७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER | 130 | 0 | 100 | ३५,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ६ र ७ गते (22 & 23 Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**World King H.R.International Pvt.ltd.**
Govt. License 1700/081/82
Dhapasi, Basundhara, Kathmandu, Nepal, Tel. +97701-5925516, 9803672215, 9814089641,9767274204 Email : info@worldkinghrintl.com, www.worldkinghrintl.com



## साउदीमा रोजगार

**कम्पनी** : AL-NAJAH ADVANCED OPERATION AND MAINTENANCE COMPANY
**शहर** : Riyadh

पूर्व स्वीकृति मिति २०८१/०२/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/३० | LT No.304990 | चलानी नं. ६०२१९६९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facility Cleaning Worker | 20 | 0 | 1000 | ३५,५३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Packaging And Wrapping Worker | 12 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ६ गते (22nd Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३६३/०७४/०७५

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com



## साउदीमा रोजगार

**कम्पनी** : DIESEL MACHINERY TRADING EST.
**शहर** : Dammam

पूर्व स्वीकृति मिति: २०८१/०४/२९ | LT. No. 308827 | चलानी नं.: ६०२२३५५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ६ गते (22nd Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 226/058/059

**Felicity International Employment Agency Pvt.Ltd.**
P.O.Box: 11603, Samakhushi-03, Jaldhara Marg, Jhilimili Tole, Kathmandu
Tel: + 977-1-4950794 Fax : +977-1-4956420, Email: felicity@infoclub.com.np



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला - १५०५०० प्रति तोला - - प्रति तोला - १७३५

## ३४ अंकले बढ्यो नेप्से

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा ३४ दशमलव २९ अङ्कको वृद्धि देखिएको छ। बुधबार नेप्से परिसूचक एक दशमलव १७ प्रतिशतले बढेर दुई हजार नौ सय ५७ दशमलव ७५ को विन्दुमा कायम भएको हो। तीन सय ३२ कम्पनीको पाँच करोड १२ लाख ३० हजार तीन सय ४० कित्ता शेयर दुई लाख ४४ हजार १९ पटक खरिदबिक्री हुँदा रु २३ अर्ब ४३ करोड पाँच लाख ८१ हजार एक सय ५० बराबरको कारोबार भएको छ।

जीवन बीमा समूह शून्य दशमलव ०८, लघुवित्त शून्य दशमलव ७० र म्युचुअल फन्ड शून्य दशमलव ९० प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ। वित्त समूहको उपसूचक सबैभन्दा बढी सात दशमलव ६७ प्रतिशतले बढेको छ।

बैंकिङ शून्य दशमलव ७२, विकास बैंक तीन दशमलव ०७, होटल तथा पर्यटन दुई दशमलव ३७, जलविद्युत् एक दशमलव ९१, लगानी दुई दशमलव ४९, उत्पादन तथा प्रशोधन शून्य दशमलव ६४, निर्जीवन बीमा शून्य दशमलव ७४, व्यापार शून्य दशमलव ३९ र अन्य समूह शून्य दशमलव ८३ प्रतिशतले बढेको छ।

नौवटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लाग्दा एउटा कम्पनीको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ। कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ८६ करोड ५८ लाख ५८ हजार तीन सय सात बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा अपि पावर कम्पनी लिमिटेडको २२ लाख ३७ हजार एक सय ७२ कित्ता शेयर किनबेच भएको छ।

## अनुभवीबाट सुझाव लिएर काम गर्न उद्योगमन्त्रीको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले अनुभवी व्यक्तिबाट सुझाव लिएर काम गर्न खाद्य तथा व्यापार कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत तथा पारवहन तथा गोदाम व्यवस्थापन लिमिटेडका महाप्रबन्धकलाई निर्देशन दिएका छन्।

खाद्य तथा व्यापार कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त हुनु भएका रमेश आचार्य र नेपाल पारवहन तथा गोदाम व्यवस्थापन लिमिटेडको महाप्रबन्धकमा नियुक्त भएका प्रकाशप्रसाद पोखरेललाई नियुक्तिपत्र प्रदान गर्ने कार्यक्रममा मन्त्री भण्डारीले यसअघि निमित्तको भूमिकामा रहेका अनुभवी व्यक्तिबाट सुझाव लिएर काम गर्न निर्देशन दिएका हुन्।

यसैगरी मन्त्री भण्डारीले खाद्य तथा व्यापार कम्पनी लिमिटेड तथा पारवहन तथा गोदाम व्यवस्थापन लिमिटेड गरी दुवै संस्थानले सन्तोषजनक परिणाम दिन नसकिरहेकाले वर्तमान चुनौतीलाई अवसरमा बदलेर परिणाममुखी काम गरेर देखाउन र संस्थाको गरिमा जोगाउन प्रभावकारी भूमिका निर्वाह गर्न निर्देशन दिए।

'अनुकूलतामा जोकोहीले काम गरे पनि प्रतिकूलतामा काम गरेर उत्कृष्ट परिणाम दिनसक्नुपर्छ', मन्त्री भण्डरारीले भने, 'तपाईहरू दुवै जनाले यी संस्थालाई उकास्न, संस्थाको गरिमा जोगाउन मजबुत तवरको भूमिका निर्वाह गर्नुपर्छ, मेरो शुभकामना छ।'

मन्त्री भण्डारीले अहिले काम गर्न नसक्ने छुट कसैलाई नभएको बताउँदै खाद्य तथा व्यापार कम्पनी लिमिटेड तथा पारवहन तथा गोदाम व्यवस्थापन लिमिटेडमा नियुक्त हुनुभएका दुवै जनाको परीक्षणकाल बुधबारदेखि सुरु भएको बताए। उनले भने, 'अब तपाईहरूको पहिलो तीन महिनाको काम हेरिन्छ, त्यो अवधिमा सक्नुभएन भने तपाई आफैँले पुनःविचार गर्नुपर्ने हुन्छ।'

'सरकारले तपाईहरूलाई जसरी विश्वास गरेको छ। त्यसअनुरूप काम गर्न सक्नुपर्छ अहिले तपाई हामी सबै परीक्षणमा छौँ। क्रमशः छ महिना गर्दै थप समय परीक्षण गरिनेछ। आफू मातहतका संरचनामाथि प्रश्न उठ्ने काम नगर्नु होला,' मन्त्री भण्डारीले भने।

नवनियुक्त दुवै जनालाई पद तथा गोपनीयताको सपथ ग्रहण गराउँदै मन्त्रालयका वाणिज्य तथा आपूर्ति सचिव मधुसुदन बुर्लाकोटीले नियुक्तिपत्र प्रदान गरेका थिए। नवनियुक्त दुवै जनालाई मङ्गलबार बसेको मन्त्रिपरिषद् बैठकले नियुक्त गरेको थियो।

## कर्पोरेट

### रिलायन्स फाइनान्स र चिकेन स्टेसनबीच सम्झौता




**काठमाडौं (प्रस)–** रिलायन्स फाइनान्स लिमिटेड र चिकेन स्टेशनबीच सम्झौता भएको छ। सम्झौता अर्न्तगत रिलायन्स फाइनान्स लिमिटेडका समस्त ग्राहकवर्ग, शेयरधनी तथा कर्मचारीहरूले चिकेन स्टेशनमा पाउने खानामा १० प्रतिशत सम्म छुट प्राप्त गर्न सक्नेछन र साथै रिलायन्स फाइनान्स लि.मा नयाँ खाता खोल्ने ग्राहकवर्गहरूले रु ५००/ बराबरको खानाको फ्रि भौचर प्राप्त गर्ने छ। यो सुविधा चिकेन स्टेशनको को काठमाडौंमा रहेका सबै शाखाहरूमा लागु हुनेछ।

नेपाल राष्ट्र बैकबाट 'ग' बर्गको वित्तीय कारोबार गर्ने संस्थाले आफ्नै भवनबाट कारोबार शुरु गर्दै आएको यस संस्थाले न्यूरोड काठमाण्डौ, सितापाईला काठमाडौ, ईमाडोल ललितपुर, नारायणघाट चितवन, महेन्द्रपुल पोखरा कास्की, वेशीशहर लमजुङ्ग, बनेपा काभ्रेपलाञ्चोक, आरुघाट गोरखा, चारआली झापामा, गोरखा बजार गोरखा, भैरहवा रूपन्देही, मणीग्राम रूपन्देही, बुटवल रूपन्देही, धनगढी कैलाली, महेन्द्रनगर कन्चनपुर, कोहलपुर बाँके, अत्तरीया कैलाली, दमक झापा, विर्तामोड झापा, धुलाबारी झापा, र टाँडी चितवनमा शाखा कार्यालय गरि जम्मा २१ वटा शाखा कार्यालय खोली कारोबार गर्दै आएको छ।

संस्थाले 'वित्तीय सेवाको अर्को परिभाषा' भन्ने नाराका साथ संस्थाका ग्राहकहरूलाई सहज तथा सर्व सुलभ तरिकाले विभिन्न शिर्षकहरूमा कर्जा प्रदान गर्नुका साथै विभिन्न निक्षेप योजना लागु गरि आकर्षक व्याज प्रदान गर्दै निक्षेप संकलन गर्दै आएको छ।

### टेलिकमको प्रिपेडमा अन्तर्राष्ट्रिय रोमिङ सेवा




**काठमाडौं (प्रस)–** नेपाल टेलिकमले सबै प्रिपेड मोबाइल नम्बरमा अन्तर्राष्ट्रिय रोमिङ सेवा क्रमिक रूपमा स्वतः उपलब्ध हुने व्यवस्था मिलाएको छ। यस अनुसार हाल प्रिपेड ग्राहकहरूले अन्तर्राष्ट्रिय रोमिङ सेवा सक्रिय गराउनु पर्ने अवस्था रहेकोमा अब भने सबै प्रिपेड ग्राहकहरूको मोबाइल नम्बरमा अन्तर्राष्ट्रिय रोमिङ सेवा क्रमिक रूपमा स्वतः उपलब्ध हुनेछ।

अन्तर्राष्ट्रिय रोमिङ सेवा सुचारु भएका ग्राहकहरूले नेपाल टेलिकमकै सिम प्रयोग गरी विदेशमा पनि भ्वाइस, डाटा र एसएमएस सेवा प्रयोग गर्न सकिन्छ।

नेपाल टेलिकमले रोमिङ सेवा उपलब्ध गराएका भारत वाहेकका अन्य देशहरूमा यो सुविधा क्रमशः उपलब्ध हुनेछ। नेपाल टेलिकमको प्रिपेड मोबाइलमार्फत हाल ४० देशमा रोमिङ सुविधा प्रयोग गर्न सकिन्छ। सेवाग्राहीले विश्वका विभिन्न ४० देशमा नेपाल टेलिकमकै प्रिपेड मोबाइल मार्फत भ्वाइस, डाटा र एसएमएस सेवा चलाउन सक्छन्। यसका लागि ती देशहरूमा रहेका ५४ अपरेटरसँग सम्झौता सम्पन्न भई सेवा सञ्चालनमा रहेको छ।

### प्राइम कमर्सियल र सांग्रिला डेभलपमेन्टको अन्तरबैंक कार्डलेस भुक्तानी सेवा सुरू

**काठमाडौं (प्रस)–** नेपाल क्लियरिङ्ग हाउस लिमिटेड (एनसीएचएल) ले प्राइम कमर्सियल बैंक र सांग्रिला डेभलपमेन्ट बैंक सँगको सहकार्यमा अन्तरबैंक कार्डलेस विड्रअल सेवा शुरु गरेको छ। यस सेवामा आबद्ध बैंकहरूका ग्राहकहरूले सञ्जालमा रहेका एटीएम मेसिन प्रयोग गरी बिना कार्ड मोबाइल बैंकिङ्ग वा कनेक्टआइपिएसको माध्यमबाट नगद निकाल्न सकिने व्यवस्था थप गरिएको छ। अब दुबै बैंकका ग्राहकहरूले यस सेवाको शुरूवात पश्चात् एउटा बैंकको खाताबाट अर्को बैंकको एटीएम मेसिन प्रयोग गरी समेत बिना कार्ड नगद झिक्न सक्ने भएको छ।

हालका लागि ग्राहकहरूले एनसीएचएलले सञ्चालन गर्दै आएको रिटेल प्ल्याट्फर्म अन्तर्गत कनेक्टआइपीएसमा रजिष्टर गरी आफ्नो लिङ्क गरिएको प्राइम कमर्सियल बैंक वा सांग्रिला डेभलपमेन्ट बैंकको खाताबाट सो सुविधा प्रयोग गर्न सक्नेछन्।

ग्राहकले कनेक्टआइपिएस मोबाइल एपमा लग इन गरी कार्डलेस विड्रअल अप्सनमा क्लिक गरी निष्कासन गर्ने बैंक खाता छनौट गर्नुपर्दछ। यस पश्चात् कनेक्टआइपीएसमा रजिष्टर गरिएको मोबाइल नम्बरमा प्राप्त भएको ओटिपीलाई सञ्जालमा उपलब्ध बैंकको नजिकैको एटीएममा उक्त ओटिपी प्रयोग गरी नगद झिक्न सकिनेछ। हाल यो सेवा प्राइम कमर्सियल बैंक र सांग्रिला डेभलपमेन्ट बैंकको एटीएममा उपलब्ध रहेको छ भने सो सेवा चरणबद्ध रूपमा थप अन्य सदस्य बैंक वित्तीय संस्थाहरूमा पनि विस्तार गरिने योजना रहेको छ। अहिले बैंकका ग्राहकहरूले कार्डलेस विड्रअल सेवा आफ्नै बैंकको एटीएमबाट मात्र गर्न सकिने व्यवस्था रहेकोमा यस नयाँ सुविधाजनक सेवाको शुरूवात पश्चात् ग्राहकहरूले सजिलै अर्को बैंकको एटीएमबाट समेत बिना कार्ड नगद निकाल्न सक्ने व्यवस्था भएको छ।

### कुमारी बैंक र नव डर्मा स्किन एण्ड लेजर एस्थेटिकबीच सम्झौता




**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेड र नयाँ बानेश्वर, काठमाडौं स्थित नव डर्मा स्किन एण्ड लेजर एस्थेटिक प्रा.लि. बीच कुमारी बैंक लिमिटेडका ग्राहक महानुभावहरूलाई हस्पिटलबाट प्रदान गरिने सेवाहरूमा विशेष छुट प्रदान गर्ने समझदारी भएको छ।

यससम्झौता अनुसार कुमारी बैंक लिमिटेडका ग्राहक महानुभावहरूले सो नव डर्मा स्किन एण्ड लेजर एस्थेटिकको नयाँ वानेश्वर- काठमाण्डौं र कौशलटार-भक्तपुर स्थित सेवाकेन्द्रबाट सेवा लिए बापत कुमारी बैंकको डेबिट/क्रेडिट कार्ड अथवा क्यूआरबाट भुक्तानी गर्दा १० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन्। यस सुविधाबाट सेवाग्राहीहरूले गुणस्तरिय सेवा प्राप्त गर्नुका साथै अधिकतम लाभ समेत प्राप्त गर्न सकिनेमा बैंक विश्वस्त रहेको छ।

विगत २३ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१४ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ५९ शाखा रहित बैंकिङ्ग ईकाईहरू मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरू प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरूमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरू गर्दै जाने प्रतिबद्धता जनाएको छ।

## सेती नदी जलविद्युत् आयोजनाको 'वेट टेस्ट' सुरू

■ प्रभाव संवाददाता

**कास्की–** कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिकामा निर्माण गरिएको २५ मेगावाट क्षमताको सेती नदी जलविद्युत् आयोजनाको 'वेट टेष्ट' (पानी भरेर परीक्षण तथा टर्वाइन घुमाउने) कार्यको सुरुआत गरिएको छ।

माछापुच्छ्रे गाउँपालिका-२ को सार्दिखोलाको भराभरीस्थित राजबगरमा रहेको आयोजनाको 'हेडवक्स' मा विधिवत् पूजा गरेर 'वेट टेष्ट' को औपचारिक सुरुआत गरिएको हो। भिजन लुम्बिनी ऊर्जा कम्पनीद्वारा प्रवर्द्धन गरिएको सेती नदी जलविद्युत् आयोजनाको निर्माण कार्य सकिएपछि बाँधस्थलबाट 'पेनस्टक पाइप'मा पानी पठाएर परीक्षण सुरु भएको हो। 'वेट टेष्ट'को कार्य तीन दिनभित्रमा पूरा हुने बताइन्छ।

आयोजनाको सिभिल, हाइड्रोमेकानिकल तथा ट्रान्समिसन लाइन निर्माणको सम्पूर्ण काम सकिएपछि ड्राइ टेष्टपछि 'वेट टेष्ट' सुरु गरिएको आयोजनाका प्रबन्धक इञ्जिनियर लेखनाथ पाण्डेले जानकारी दिए। उनले आगामी दुई साताभित्रमा परीक्षण उत्पादन सुरु हुने जानकारी दिए। परियोजना प्रबन्धक पाण्डेले भने, 'आयोजनाको स्ट्रक्चर र मेसिनरीतर्फको सबै काम सकेर आजदेखि 'वेट टेष्ट' सुरु गरेका छौँ। अबको दुई साताभित्रमा परीक्षण उत्पादन सुरु गर्छौं।'

सार्दिखोलाको भराभरीस्थित सेती नदीमा बाँध निर्माण गरेर सेतीको पेनस्टक पाइपमार्फत ल्याइएको छ। सो पानी छ हजार चार सय मिटर लामो भूमिगत पाइपमार्फत ल्याएर एक सय ८७ मिटर उचाइबाट चिन्तेबगरमा रहेको पावर हाउसमा खसालेर विद्युत् उत्पादन गरिनेछ।

विद्युत्गृहमा रहेका १२ दशमलव पाँच मेगावाट क्षमताका दुई वटा टर्वाइनमा खसालिनेछ। सो आयोजना नदी जलप्रवाहमा आधारित छ। भिजन लुम्बिनी ऊर्जा कम्पनीका अध्यक्ष जगतबहादुर पोखरेलले आयोजना सम्पन्न गर्नका लागि स्थानीयवासी तथा स्थानीय सरकारलगायतबाट ठूलो सहयोग मिलेको बताए। उनले स्थानीयवासीको सानो सानो पुँजी लगानीले आयोजना निर्माण भएको बताए।

उनले भने, 'आयोजनाको निर्माण सकिएर 'वेट टेष्ट' सम्म आइपुग्दा अति नै खुसी भएका छौँ। आयोजना निर्माणमा ठूलो समस्या आएन। यो आयोजना गण्डकी प्रदेशसहित समग्र नेपालको जलविद्युत्का क्षेत्रमा महत्वपूर्ण परियोजना बन्नेछ।'

सेती नदी जलविद्युत् आयोजनामा रु पाँच अर्बभन्दा बढी लगानी भएको छ। यसमा तीन अर्ब ५० करोड विभिन्न बैंक तथा वित्तीय संस्थाले लगानी गरेका छन्। अन्य लगानी प्रवर्द्धक, स्थानीयवासी तथा आइपिओ जारी गरेर जुटाइएको हो।

## खेतीयोग्य जमिन मासिँदै

**बरहथवा (सर्लाही) –** सर्लाहीमा बर्सेनि खेतीयोग्य जमिन मासिदै गएको छ। यहाँ विगत १० वर्षमा एघार हजार चार सय ६ दशमलव ७ हेक्टर खेतीयोग्य जमिन मासिएको छ। जिल्लामा लगातार खेतीयोग्य भूभाग मासिने क्रम बढ्दो रहेको राष्ट्रिय कृषि गणना २०७८ को तथ्याङ्कले देखाएको हो।

दश वर्ष अगि २०६८ मा भएको जनगणना तथ्याङ्क अनुसार जिल्लाको कूल भूभाग एक लाख २५ हजार नौ सय हेक्टरमध्ये ८४ हजार ६ सय ७८ हेक्टर खेतीयोग्य जमिन रहेको थियो। त्यही खेतीयोग्य जमिन घटेर अहिले ७३ हजार दुई सय ७१ दशमलव तीन हेक्टर क्षेत्रफलमा खुम्चिएको हो। अव्यवस्थित तवरले भइरहेको पूर्वाधार निर्माणको प्रत्यक्ष असर जिल्लाको खेतीयोग्य जमिनमा परेको जिल्ला कृषि ज्ञान केन्द्र सर्लाहीका कार्यालय प्रमुख देवानन्द राय यादवले बताए।

खेतीयोग्य जमिन अतिक्रमणमा पर्दै जाँदा जिल्लाको कृषि उत्पादनको अवस्थासमेत खस्कँदै गएको छ। सङ्घीयता कार्यान्वयनपछि थप तीव्र गतिमा खेतीयोग्य जमिन मासिने क्रम बढेको छ। 'केही वर्ष पहिलासम्म धान फल्ने खेतमा अहिले पक्की भवन बनेका छन्', उनले भने। हरियो खेतका फाँटमा अहिले घरैघर छन्।

अव्यवस्थित रूपमा भएका विकासको असर चौतर्फी परेको छ। खेतमा अन्धाधुन्द व्यापारिक भवन निर्माण गर्ने क्रम रोकिएको छैन। केही दशक अघि अन्न उब्जाउने खेत अब बाँकी नरहने प्रमुख यादवले बताए। जनसंख्याको आधारमा नयाँ घर बन्नु, सोही अनुसार भौतिक पूर्वाधार निर्माण हुने प्रक्रिया भए पनि कृषियोग्य जग्गालाई प्लटिङ गर्ने, खेत-खेतमा चौडा सडक पुऱ्याउने लगायतको गतिविधिका कारण अनियमित किसिमले खेतीयोग्य जमिन नष्ट हुँदै गएको रामनगर गाउँपालिका अध्यक्ष राजाबाबु यादवले स्वीकार गरे। 'यसको नियन्त्रण आवश्यक छ,' उनले भने।

तराईको समथर फाँट जताततै सडक, पानी, बिजुली लगायतको सुविधिका कारण बसाइसराइँ बढेका कारणसमेत जिल्लाको खेतीयोग्य जमिन घट्दै गएको विभिन्न तथ्याङ्कहरूले देखाएको छ।

'पहाडी भू-भागबाट तराई बसाइ झर्नेको केही पहिलासम्म ताँती नै हुन्थ्यो।' सर्लाहीको बागमती नगरपालिका-१, का वडाध्यक्ष गम्भीर सिङ पाखिनले भने, 'अहिले केही कम भएको छ। तर, असर त्यसको पनि परेको छ।' सङ्घ, प्रदेश तथा स्थानीय तहले समेत भौतिक संरचना निर्माण, सडक लगायतका विकास गर्दा खेतीयोग्य उर्वर भूभागको संरक्षणमा विषेश ध्यान दिनुपर्ने देखिन्छ। *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः:arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ